# अध्याय – एक

# १. परिचय

## १.१. पृष्ठभूमि

नेपाली समाज विभिन्न जात जाति तथा धार्मिक सम्प्रदायमा आधारित छ । सामाजिक एंव सांस्कृतिक रुपमा नेपाली समाज पितृसत्तात्मक रहिआएको छ । समाजका हरेह अङ्गमा पुरुषले अग्रणी भूमिका निर्वाह गर्दै आएको भएता पनि नारीको भूमिकालाई पनि सम्मान गरिएको पाइन्छ ।

नेपाली आकाशका तारा मानिने सीता, भृकुटीदेखि लिएर विदुषी गार्गी, अनुसुयाको भूमिका पनि नारीको स्थान उच्च राख्नमा महत्वपूर्ण रहेको छ । ऐतिहासिक कालखण्डमा पनि रानी देवलदेवी, नायकदेवीदेखि लिएर रानी राजेन्द्रलक्ष्मी तथा ललित त्रिपुरसुन्दरीको भूमिका पनि कम उल्लेखनीय छैन ।

समय र परिस्थिति अनुसार नेपालमा नारीको भूमिका महत्वपूर्ण रहँदै आएको भएता पनि मूलतः नेपाली समाज पितृसत्तात्मक रहेको र खासगरी समाजमा व्याप्त अशिक्षा र चेतनाको अभावको कारण हाम्रो समाजमा पुरुषको तुलनामा महिलाको स्थिति कमाजोर देखिन्छ । वर्तमान समय विज्ञान र प्रवृधिको युग हो । समाजमा विस्तार हुंदै गएको चेतना र शिक्षाका कारण क्रमिक रुपमा महिलाको स्थितिमा पनि परिवर्तन देखा परेको छ ।

कुनै पनि देशको संञ्चालन संवैधानिक व्यवस्था अनुसार गरिएको हुन्छ । संविधानमा व्यवस्था भए अनुसार नै कानूनको निर्माण हुन्छ । त्यसैले राज्य संचालनको मूल आधार संविधान र कानून नै हो । कानूनको परिपालना राज्यका हरेक अंग लगायत सम्पूर्ण नागरिकले गरेको हुनुपर्दछ । यदि कानूनको मर्यादा भएन भने देशमा दण्ड हीनताको अवस्था आउंछ र देशले ठूलो नोक्सानी व्यहोर्नु पर्ने हुन्छ । संविधान एंव कानूनको व्याख्या गर्न तथा कानूनी संरक्षण प्रदान गर्नका लागि देशमा विभिन्न तहका

अदालत स्थापना गरिएका हुन्छन् भने अदालतमा परेका मुद्धाहरुमा पुर्पक्ष गरी अदालत एंव सरोकारवालाहरुको सहयोग गर्न कानून व्यवसायीहरुको व्यवस्था गरिएको हुन्छ । त्यसैले कानून व्यवसाय नैतिक मूल्य र मान्यतासंग जोडिएको हुन्छ र कानून व्यवसायीले उच्च नैतिक आधार कायम गरेको हुन्छ ।

कानून व्यवसायलाई पेशाको रुपमा मात्र नलिई सेवाको रुपमा पनि लिइएको पाइन्छ । कानून व्यवसायीको सहयोगबिना समाजका उत्पीडित बर्ग, पिछडिएको बर्ग र अन्यायमा परेका बेसहारा वर्ग आदिले न्याय पाउन कठिन हुन्छ । त्यसैले कानून व्यवसायीलाई राज्यले विद्धानको मान्यता प्रदान गरेको छ भने समाजमा पनि सम्मानको दृष्टिले हरिएको हुन्छ ।

नेपालमा अदालतको व्यवस्था राणाकाल देखि नै हुंदै आएको भएतापनि विधिवत कानून व्यवसायीको प्रमाणपत्र लिएर व्यवसायको थालनी गर्ने कार्य २०१३ सालवाट मात्र भएको हो । २०१३ साल पौष ७ गते नेपाल बार एशोसिएशनको बिधिवत रुपमा स्थापना भई मर्यादित रुपले कानून व्यवसाय सञ्चालन हुंदै आएको छ ।

नेपालमा अदालतमा गएर कुनै मुद्दामाथि पुर्पक्ष गर्ने परम्परा भने २००८ साल देखि नै चलेको थियो ।  २००७ सालमा प्रजातन्त्रको अभ्यूदय भएपछि २००८ मा प्रधान न्यायालयको स्थापना भयो र नेपालको पहिलो प्रधान न्यायाधीशका रुपमा हरि प्रसाद प्रधानले जिम्मेवारी सम्हाल्नु भएको थियो । उहांकै प्रेरणाबाट कानून व्यवसायीहरुले केवल वादी प्रतिवादीको तर्फवाट लिखत तयार गर्ने मात्र नभई मुद्दाको विषयलाई लिएर बेन्चमा बहस गर्ने परम्पराको शुरु भई कानून व्यवसायलाई एक मर्यादित पेशाको रुपमा स्थापना गर्न सहयोग मिलेको पाइन्छ । २००८ सालमा प्रधान न्यायालयको स्थापना भई मुद्दामा बहस पैरवी गर्न शुरु भएपछि हालका ल फर्म जस्तै त्यतिवेला अधिवचनालय खोली कानून व्यवसायीहरुले त्यहां बसी सेवा प्रदान गरेको पाइन्छ । (वस्ती, २०५६)

बर्तमान सन्दर्भमा नेपालमा जिल्ला अदालत, पुनरावेदन अदालत र सर्बोच्च अदालत गरी तीन तहका अदालत रहेका छन् । सोही अनुसार जिल्ला अदालत स्तरीय, पुनरावेदन अदालत स्तरीय र सर्बोच्च अदालत स्तरीय बार एशोसिएशनका शाखाहरु समेत स्थापना भएका छन् । त्रिभुवन बिश्वबिद्यालयबाट कानून बिषयको जनशक्ति उत्पादन भए पछि कानून व्यवसायीको संख्यामा पनि उल्लेख्य रुपमा बृद्धि भएको छ तर महिला कानून व्यवसायीको संख्यामा भने तुलनात्मक रुपमा बृद्धि हुन सकेको देखिदैन । के.सी. २०६३ का अनुसार यस पेशामा प्रवेश गर्दा महिला होस् वा पुरुष प्रारम्भिक अवस्थादेखि नै अनेकौं समस्याहरु र हांकहरुको सामना गर्नुपर्छ भने अर्कोतर्फ आफूलाई यसै पेशामा आजीवन समर्पित हुन्छु भनी दृढ अठोट र निश्चित आत्म संकल्पका साथ लागि पर्नु जरुरी छ । धेरै लामो समयसम्म यस पेशामा लागेका कानून व्यवसायीले पनि अत्यन्त कठिनाइ र समस्याहरुको सामना गर्नु परेका कारणले गर्दा बिकल्पको रुपमा अन्य पेशाप्रति आकर्षित भै विस्थापित हुन पुगेका छन् । फलस्वरुप कानून व्यवसायीको गुणात्मक एंव संख्यात्मक बृद्धिमा असर परेको छ । अझ महिला कानून व्यवसायीको स्थिति हेर्ने हो भने पुरुष कानून व्ववसायीको तुलनामा संख्यात्मक बृद्धि कम छ भने त्यसमा पनि बिशुद्ध पेशामा लाग्नेको संख्या ज्यादै न्यून रहेको पाइन्छ ।

नेपाल बार एशोसिएशनको २०६४ चैत्र मसान्तसम्मको आधिकारिक अभिलेख हेर्दा हाल देशमा कानून व्यवसायीहरुको संख्या करीब ११,००० को हाराहारीमा भएतापनि महिला कानून व्यवसायीहरुको संख्या करीब १००० मात्र छ । कास्की जिल्लाको सन्दर्भमा हेर्ने हो भने मिति २०६५ चैत्र सम्मको पुनरावेदन अदालत बार एशोसिएशनको आधिकारिक अभिलेख अनुसार यस बारको सदस्य जम्मा ४३८ जना रहेकोमा महिला कानून व्यवसायीको संख्या केवल ४२ मात्र रहेको छ । कानून व्यवसायीको प्रमाण पत्र लिएर कतिपय व्यक्तिहरु सक्रृय रुपमा कानून व्यवसायमा नलागी अन्य वैकल्पिक पेशा गरीरहेको पाइन्छ । महिलाको सन्दर्भमा झन यो कुरा प्रमुख रुपमा लागू हुने गरेको पाईन्छ । कास्की जिल्लामा भएका ४२ जना महिला कानून व्यवसायीमध्ये करीब २७ जनाले मात्र सक्रृय रुपमा कानून व्यवसायलाई अपनाएको पाइन्छ ।

हाम्रो समाजमा जन्मदेखि नै महिला र पुरुषबीच बिभेद गरिएको पाइन्छ । साथै महिला र पुरुषले गर्ने कामको बीचमा पनि बिभेद छ । अझैसम्म पनि महिलाले चुलो चौकोको काम हेर्नु पर्छ, महिला भनेको एक गृहिणी हो भन्ने मान्यता यथावतै रहेको पाइन्छ । जस्ले गर्दा कतिपय शिक्षित महिलाहरु पनि रोजगार नगरी घरधन्दा गरेरै बस्ने गरेका छन् भने अर्को तिर रोजगार गर्ने महिलाहरु पनि घर भित्रको र बाहिरको (कार्यालयको) गरी दोहोरो जिम्मेवारी बहन गर्न बाध्य छन् । यसै सम्बन्धमा रेग्मी, २०६४ का अनुसार महिला कानून व्यवसायीहरुले घर र फर्ममा गरी दोहरो भूमिका निर्वाह गर्नु पर्ने सामाजिक परिस्थितिको कारण यस पेशामा समय धेरै दिन नसक्ने र महिला कानून व्यवसायीहरुलाई सेवाग्राहीले छिट्टै विश्वास नगर्ने जस्ता कारणले पनि महिला कानून व्यवसायीहरुको पेशा फस्टाउन सकेको छैन ।

## १.२ कानूनको अध्ययनमा महिला

नेपाल एक विकासशील राष्ट्र हो । यहां गरीबी, अशिक्षा, बेरोजगारीको समस्या विकराल रुपमा रहेको पाइन्छ । छोरा र छोरी अथवा भनौ महिला र पुरुषवीचको विभेद पनि कायमै छ । अझै पनि छोरीलाई पढाएर के हुन्छ अर्काको घर जाने जात भन्ने मान्यता कायमै छ । हाल आएर विद्यालय स्तरको सम्म शिक्षामा छोरीको पहूंच बृद्धि भएको भएता पनि उच्च शिक्षामा अहिले पनि महिलाहरुको पहूंच त्यति पुग्न सकेको छैन । यसै सन्दर्भमा कानून विषयमा अध्ययन गर्ने मा महिलाहरुको स्थिति के रहेछ भनी पृथ्वीनारायण क्याम्पसको तथ्याङ्क हेर्दा पृथ्वी नारायण क्याम्पसमा २०३४ साल देखि कानूनको अध्ययनको शुरुवात गरिएको भए पनि शुरुका वर्षहरुमा कानून अध्ययन गर्नेमा पुरुषहरु मात्र रहेकोमा पछिल्ला वर्षहरुमा महिलाहरुले पनि यस विषयमा अध्ययन गर्न थालेको पाइन्छ तर पनि महिला छात्राहरुको संख्या अत्यन्त न्यून रहेको पाइयो । शुरुमा एस.एल.सी. पास गरेपछि कानूनमा प्रवीणता प्रमाणपत्र तहको २ वर्षको अध्ययन र स्नातक तहमा ३ वर्षको अध्ययन हुने गरेकोमा हाल आएर शिक्षा नीतिमा परिवर्तन भई २०५१ सालदेखी आई. एल तहको अध्ययनको व्यवस्था खारेज गरी कुनै

अर्को विषयमा स्नातक तह उतिर्ण गरी सकेपछि मात्र कानूनमा स्नातक (एल.एल.बी ) गर्न पाउने व्यवस्था छ । ' महिला कानून व्यवसायीहरुको सामाजिक अवस्था ' यो एक कास्की जिल्लाको अध्ययन भएकोले हाम्रो पशिमाञ्चलको एक मात्र कानून विषय अध्यापन गराइने पृथ्वी नारायण क्याम्पसमा कानून विषयमा कति छात्र तथा छात्राहरु भर्ना हुन्छन् र कतिले प्रमाणपत्र हासिल गर्छन भन्ने तथ्य तलको तालिकामा प्रस्तुत गरिएको छ ।

हाल सम्म पृथ्वीनारायण क्याम्पसमा भर्ना भएका छात्र र छात्राहरुको विवरण

प्रवीणता प्रमाण पत्र तह ( सि. एल )

| साल | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| २०३४ | १९८ | ० | १९८ |
| २०३५ | १६७ | ० | १६७ |
| २०३६ | १०२ | ० | १०२ |
| २०३७ | १२१ | ३ | ११८ |
| २०३८ | ८४ | १ | ८३ |
| २०३९ | ६३ | १ | ६२ |
| २०४० | १६२ | ७ | १५५ |
| २०४१ | २४७ | ५ | २४२ |
| २०४३ | २५१ | १० | २४१ |
| २०४४ | २६८ | २५७ | ११ |
| २०४५ | २५१ | ३ | २४८ |
| २०४६ | २८२ | २१ | २६१ |
| २०४७ | २१५ | १७ | १९८ |
| २०४८ | १९२ | १७२ | २० |
| २०४९ | १२७ | २० | १०७ |
| २०५० | ११० | १२ | ९८ |
| २०५१ | २१४ | ३३ | १८१ |

स्नातक तह ( बी. एल )

| साल | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| २०४३ | ६७ | २ | ६५ |
| २०४४ | १६७ | २ | १६५ |
| २०४५ | १४४ | ५ | १३९ |
| २०४७ | १४३ | ३ | १४० |
| २०४८ | ८६ | ३ | ८३ |
| २०४९ | १४० | ७ | १३३ |
| २०५० | २११ | १९ | १९२ |
| २०५२ | ७५ | ११ | ६४ |
| २०५३ | १२६ | १६ | ११० |
| २०५४ | ९९ | १५ | ८४ |
| २०५५ | १०२ | १६ | ८६ |
| २०५६ | ३३ | ३ | ३० |
| २०५७ | १४ | ३ | ११ |

एल. एल. बी. तह

| साल | जम्मा संख्या | महिला | पुरुष |
|---|---|---|---|
| २०५४ | १८ | ० | १८ |
| २०५५ | २६ | ३ | २३ |
| २०५६ | २८ | १ | २७ |
| २०५७ | २६ | २ | २४ |
| २०५८ | १४ | ३ | ११ |
| २०५९ | ९ | ० | ९ |
| २०६० | १३ | १ | १२ |
| २०६१ | ११ | २ | ९ |
| २०६२ | २२ | १ | २२ |
| २०६३ | १९ | ४ | १५ |
| २०६४ | २० | ३ | १७ |
| २०६५ | ५१ | ८ | ४३ |

यस तालिकाले कानून विषयमा यसै पनि थोरै जनाले भर्ना गर्दछन् त्यसमा पनि महिलाको संख्या न्यून रहेको देखिन्छ । यस कारणले गर्दा पनि महिला कानून व्यवसायमा महिलाहरुको संलग्नता कम रहेको छ ।

## १.३ समस्याको कथन

कानून व्यवसाय एक सामाजिक पेशा हो । कानून व्यवसायीको सिर्जनात्मक प्रतिभा, सेवा भावना, लगनशीलता, सामाजिक परिवेश, सामाजिक सम्बन्ध, इमान्दारिता आदि कुरामा कानून व्यवसायी सफल हुने वा नहुने कुरा भर पर्दछ । यति मात्र नभई देशको राजनैतिक पृष्ठभूमिले पनि यसमा असर गरेको हुन्छ ।

जनगणना २०५८ को अनुसार कास्की जिल्लामा कूल जनसंख्या ३,८०,५२७ भएकोमा महिलाको जनसंख्या १,९५,५३२ छ भने पुरुषको जनसंख्या १,८४,९९५ छ । यसरी हेर्दा ५० प्रतिशत भन्दा बढी महिलाको जनसंख्या रहेको पाइन्छ तर पूरुषको तुलनामा महिलाको साक्षरता प्रतिशत न्यून छ भने रोजगार गर्नेहरुमा पुरुषहरुको संख्या अत्यन्त धेरै छ । हाम्रो समाजमा अझै पनि पुरुषले घर बाहिरको काम गर्ने र महिलाले घर भित्रको काम गर्नु पर्छ भन्ने मान्यता विद्यमान रहेको पाइन्छ । काम गर्ने महिलाहरु पनि घर भित्र र बाहिरको दोहरो काम गर्नु पर्ने जिम्मेवारी र काम गर्ने क्रममा भोग्नु पर्ने बिभिन्न समस्याहरुले काम छोडेर घरमा बस्ने गरेको पाइन्छ । यो समस्याबाट महिला कानून व्यवसायीहरु पनि अछुत रहेका छैनन् । पुरुष  कानून व्यवसायीको तुलनामा महिला कानून व्यवसायीको संख्या अत्यन्त न्यून रहेको छ । परिवारले महिलालाई कानून बिषय अध्ययन गर्न प्रेरित नगरेर हो अथवा हाम्रो समाज पुरुष प्रधान भएको हुंदा हो । महिला कानून व्यवसायीप्रति सेवाग्राहीको विश्वास कम भएर हो ? यस्ता बिषय अध्ययनका बिषय छन् । परिवारले हेर्ने दृष्टिकोणमात्र नभई, समाजले वा सेवाग्राहीले महिला कानून व्यवसायीलाई हेर्ने दृष्टिकोण र गर्ने व्यवहार कस्तो छ ? कतै पुरुष कानून व्यवसायी, न्यायाधीश, अदालतका कर्मचारीहरुबाट महिला कानून व्यवसायीहरुलाई होच्याउने प्रवृति त छैन भन्ने प्रश्न पनि अनुसन्धानको बिषय रहेको छ । निम्न लिखित बिषयहरुमा केन्द्रित रही शोध कार्य अघि बढेकोछ ।

- कानून व्यवसायमा महिला कानून व्यवसायीको संख्या अत्यन्त न्यून हुनुको कारण के हो ?
- महिला कानून व्यवसायीहरुको सामाजिक अवस्था कस्तो छ ?

- महिला कानून व्यवसायीहरुका समस्या के के छन् ?
- महिला कानून व्यवसायीहरुलाई पुरुष कानून व्यवसायी, अदालतका कर्मचारी, न्यायाधीश र सेवाग्राहीहरुले हेर्ने दृष्टिकोण कस्तो छ ?
- महिला कानून व्यवसायीहरुको संख्यात्मक र गुणात्मक बृद्धिको लागि राज्य र गैर सरकारी संघ संस्थाहरुले के भूमिका खेल्नु पर्दछ ?

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार रहेको छ ।

**साधारण उद्देश्य** : महिला कानून व्यवसायीहरुको सामाजिक अवस्थाको बारेमा जानकारी हाशील गर्ने ।

**विशिष्ट उद्देश्य** :

- महिला कानून व्यवसायीह्रुको पारिवारिक, सामाजिक र आर्थिक पृष्ठभूमिको लेखाजोखा गर्ने ।
- महिला कानून व्यवसायीहरुप्रति ( सेवाग्राही, गैर सरकारी संघ संस्थाहरु, अग्रज कानून व्यवसायी, अदालतका कर्मचारी र न्यायाधीशको ) दृष्टिकोण पत्ता लगाउने ।
- पेशागत निस्कृयताको कारण र प्रभाव पत्ता लगाउने ।

## १.५ अध्ययनको औचित्य

समाजमा कतिपय वर्ग वा समूह सचेत हुन्छन् र ती वर्ग सामाजिक एंव आर्थिक रुपले पनि तुलनात्मक रुपमा अगाडि छन् । त्यसैगरी कतिपय वर्ग समाजमा पिछडिएका हुन्छन् । समाजको परिवेशले पनि पेशालाई असर गरेको हुन्छ ।

कानून व्यवसाय एक सामाजिक पेशा हो । यो पेशामा लाग्न तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गर्नु पर्ने हुन्छ र कठिन मिहिनेतबाट मात्र यो

पेशामा सफल हुन सकिन्छ । हाम्रो देशको सामाजिक परिवेश अनुसार महिला वर्गलाई कानून व्यवसाय कतिसम्म उपयुक्त छ वा कानून व्यवसायमा लागेका महिलाहरुको स्थिति कस्तो छ भन्ने बारेमा उनीहरुको समाजशास्त्रीय दृष्टिले अध्ययन गरिनु आवश्यक छ । कतिपय महिला कानून व्यवसायीहरुले आफ्नो पेशा छोडेका छन् । यसो हुनाको कारण के हो ? र कति महिला कानून व्यवसायीहरु निस्कृय रहेका छन् । निस्कृय रहनुको कारण के हो भन्ने अध्ययन गर्न पनि आवश्यक छ । यस अध्ययनले यी तथ्यहरुका बारेमा जानकारी हासिल गर्न सहयोग सिध्द हुनेछ ।

## १.६ अध्ययनको सीमा

यो मूलत प्राज्ञिक अध्ययन हो । यसको मूख्य उद्देश्य समाजशास्त्रमा स्नाकोत्तर तहको उपाधि प्राप्त गर्नु रहेको छ । समय, आर्थिक स्थिति र जनशक्तिको सिमीतताको कारण यो अध्ययन निश्चित सीमाभित्र बांधिएको छ । यस अध्ययनका लागि नेपाल बार एशोसिएशन, पुनरावेदन अदालत बार एकाइ पोखरामा दर्ता भएका महिला कानून व्यवसायीहरुको तथ्याङ्कलिई निजहरुका बारेमा अध्ययन गरिएको छ । कानून व्यवसायी पुरुष पनि भएता पनि यो अध्ययन महिला कानून व्यवसायीमा केन्द्रित रहेको छ ।

## १.७ पारिभाषिक शब्दावली

महिला कानून व्यवसायी : यस अध्ययनमा महिला कानून व्यवसायी भन्नाले पोखरालाई आफ्नो कार्यक्षेत्र मानि कानून व्यवसाय गर्दै आउनु भएको महिलाहरुलाई जनाउने छ ।

## १.८ अध्ययनको क्षेत्र

महिला कानून व्यवसायीहरुको सामाजिक अवस्थाको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अध्ययनको लागि कास्की जिल्लालाई अध्ययन क्षेत्रको रुपमा राखिएको छ । कास्की जिल्लामा रहेका महिला कानून व्यवसायीहरु मुख्यतया पोखरामा

नै केन्द्रित भई आफ्नो पेशा व्यवसाय संचालन गर्दै आइ रहेको हुनाले कास्की जिल्लामा पनि पोखरामा यो अध्ययनलाई पूर्णता दिइएको छ ।

## १.९ अध्ययनको संगठन

यो अध्ययनलाई ७ वटा अध्यायमा राखिएको छ । पहिलो अध्यायमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, पारिभाषिक शब्दावली र अध्ययनको क्षेत्र समेटिएको छ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको समालोचना प्रस्तुत गरिएको छ । तेस्रो अध्यायमा अनुसन्धान पद्धति तथा विधिहरुको उल्लेख गरिएको छ । यसमा तथ्याङ्कको संङकलनका विधिहरु, फेला परेको तथ्यहरुको तालिकीकरण, संम्पादनका साथै विश्लेषण गरिएको छ । चौथौ अध्यायमा तथ्याङ्कको विश्लेषण प्रस्तुत गरिएको छ भने अध्याय पाचँमा महिला  कानून  व्यवसायीहरुको आफ्नो पेशाप्रतिको धारणा  प्रस्तुत गरिएको छ । अध्याय छ मा कानून  व्यवसायी महिलाहरुको पेशागत निष्कृयताको वारेमा उल्लेख गरिएको छ भने अध्याय सातमा अध्ययनको निष्कर्ष तथा निचोड राखिएको छ ।

# अध्याय – दुई

# साहित्य समालोचना

## २.१ सैदान्तिक पृष्ठभूमि

**लैङ्गिक (जेण्डर) दृष्टिकोण**

लिङ्गले स्त्री र पुरुषको प्राकृतिक संरचनालाई बुझाउंछ । जैविक विशेषतालाई झल्काउंछ । यो स्थिर, प्राकृत र नैसर्गिक हुन्छ । जेण्डर भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक सांस्कृतिक रुपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नु पर्ने भूमिका अलग अलग हुने गर्छन् भने लिङ्गको आधारमा महिला र पुरुष दुबैवाट समाजले केही अपेक्षा गरेको हुन्छ वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेण्डर हो । जेण्डरले महिला र पुरुषको सामाजिक, सांस्कृतिकका अतिरिक्त आर्थिक बिशेषतालाई पनि जनाउंछ । जसरी लिङ्ग अर्न्तगत महिला वा पुरुष भनी जन्मजात निर्धारण भएर आउंछ त्यसैगरी जेण्डर पनि लिङ्गका आधारमा व्यक्तिसंग जोडिएर आउने सांस्कृतिक मूल्य मान्यता भूमिका तथा बिशेषताहरुको समष्टिगत रुप हो । (चौलागाई, पोखरेल, सापकोटा–२०६०)

सामाजिक हिसाबले जेण्डर शब्दको अर्थ हो महिला तथा पुरुष दुबैको सामाजिक तथा सांस्कृतिक परिभाषा । अर्को शब्दमा भन्ने हो भने समाजले महिला वा पुरुषलाई कस्तो किसिमको प्रकारको भूमिका, अधिकार, स्रोत साधन दिन्छ, उनीहरुलाई कस्तो किसिमको व्यवहार तथा मानसिकता विकास गर्न सिकाइन्छ, त्यसको अर्थ बोध गर्नुलाई जेण्डर भनिन्छ । (भासीन, सन् २०००)

वास्तवमा महिला र पुरुषवीच एउटा मात्र विभेद छ जसलाई हामीले कुनै पनि हालतमा परिवर्तन गर्न सक्दैनौ त्योदेखि बाहेक अन्य सबै कुराहरु तथा भेदभावलाई मेटाउन सकिन्छ । लैङ्गिक समानताको अर्थ, दुई लिङ्गीहरु वीच भएको भेदभावको अन्त्य हो तर हाम्रो पुरुष प्रधान समाज जहां महिलाहरुलाई घरभित्रकै थुप्रै घरेलु धन्दाहरुमा

अल्झाई, महिलाहरुलाई असल महिला सीता, सावित्रीको उपमा दिई पालिएका पुरातन सामाजिक अवधारणामा उतारी पुरुषको तुलनामा महिला कोमल, लचिलो, सहनशील, ममतामयी, स्नेही भनी पुरुष सरह सही निर्णय गर्न नसक्ने भनी झुम्राको पुतली बनाउंदै महिलाको क्षमतालाई दबाउंदै आएका छन् र आज पनि त्यही सोच कायम रही रहेका छन् । महिलालाई जन्मैदेखि गरिने लैङ्गिक भेदभाव, स्वतन्त्र निर्णय गर्ने अधिकारवाट बन्चित गरिने, त्यस्तै महिला छोरी हुंदा बाबुको अधीनमा, युवा हुंदा पतिको अधीनमा र बृद्ध हुंदा पुत्रको अधिनमा राख्नुपर्छ भन्ने मनुको भनाईले आज पनि निरन्तरता पाईरहेको छ । ( चापागाई, २०६१ )

लैङ्गिक अध्ययनले आर्थिक, राजनितिक, शैक्षिक, सामाजिक, सांस्कृतिक र प्राविधिक आदि पक्षहरुमा महिला र पुरुषको अवस्था तथा स्थितिको विश्लेषण गर्दछ । मानवीय अस्तित्व तथा सामाजिक व्यवस्थापन र निरन्तरताका लागि समाजमा महिला र पुरुषले विभिन्न कार्यहरु सम्पादन गर्दछ । तर हाम्रो देशमा महिला तथा पुरुषको स्थान समान छैन । महिला तथा पुरुषले संपादन गर्ने भूमिकाको कार्यभार, प्रतिफल, सामाजिक मूल्याङकन असमान रहेको छ । त्यसैले लैङ्गिक अध्ययनले महिला तथा पुरुषका बीचमा रहेका सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, मनोवैज्ञानिक पक्षको अवस्था, सम्बन्ध, अन्तरकृया, समानता, विभेद, असमानता, आदिको विश्लेषण गर्दै महिला र पुरुषको समानताको खोजी, अध्ययन, अनुसन्धान गर्दछ । प्राकृतिक रुपमा महिला र पुरुषको संरचना फरक भए पनि महत्व समान रहेको र सामाजिक तथा सांस्कृतिक रुपमा शक्ति सम्बन्धको असमान अभ्यासले गर्दा स्तरीकरणको सृजना भएको हो । त्यसैले यस अध्ययनले महिला र पुरुष दुबैको सहयात्राद्धारा लैङ्गिक समानतामूलक, उन्नत र दिगो समाजको निर्माण गर्न खोज्दछ । लैङ्गिक अध्ययन विभिन्न पूर्वाग्रह दुराग्रहवाट माथि उठेर दिगो मानव हित खोज्ने बिषय हो । यो एक पक्षिय र मनगढन्ते दृष्टी, अध्ययनवाट टाढा रही सर्वपक्षिय ( महिला र पुरुष ) हित र भलो खोज्ने बिषय हो । यस्को उद्देश्य पितृसक्तात्मक समाजलाई ध्वस्त पारी मातृसत्तात्मक राज्य स्थापना गर्नु होइन लैङ्गिक रुपमा सन्तुलित सामाजिक संरचनाको वकालत गर्ने बिषय हो । वर्तमान समयमा लैङ्गिक अध्ययन महिला केन्द्रित रहनु स्वभाविककै हो किनभने

संसारका विकसित वा अविकसीत सबै मुलुकमा कम मात्रामा होस वा बढी मात्रामा महिलाहरु विभिन्न पक्षमा भेदभाव गरिएका, असमान स्थितिमा रहेका, शोषण गरिएका छन् । ( अर्याल, २०६२ )

## महिलावादी सिद्धान्तहरु

महिलावादको विकास १९६० को समयपछि व्यापक  रुपमा भएको पाएतापनि सुरुवात भने निकै अगाडी देखी भएको पाईन्छ । महिलावाद एक यस्तो दृष्टिकोण हो जस्ले महिलाको सामजिक, आर्थिक, राजनैतिक आदि पक्षलाई बुझ्ने प्रयास गर्छ ।

महिलावादको कुनै यस्तो व्यापक र सर्वमान्य परिभाषा छैन । महिलावादको परिभाषा र यसको रुप समाज अथवा समय अनुसार बदलिरहन्छ । यसको रुप समाजको आर्थिक, सामाजिक स्थिति समजदारी र चेतनामा निर्भर गर्दछ । सत्रौं शताब्दिमा "महिलावाद" को पहिलो प्रयोग भएको थियो । त्यसवेला यसको एउटा विशेष अर्थ थियो । पछि आएर यसको अर्थमा परिवर्तन हुंदै गईरहेको छ । महिलाको वर्ग, पृष्ठभूमि, शिक्षा र चेतनाको स्तर आदिका अनुसार विभिन्न देशहरुमा अथवा एकै देशको विभिन्न भागहरुमा विभिन्न महिलाहरुले भिन्न भिन्न तरिकावाट आ-आफ्नो अभिव्यक्ति प्रकट गर्न सक्दछन् । यहांसम्म कि एकै किसिमका महिलाहरुवीचमा पनि अलग अलग धारणाहरु छन् । महिलावादका सम्बन्धमा पनि मतमतान्तरहरु छन् तर पनि महिलावादको सम्बन्धमा एउटा परिभाषा यसरी गर्न सकिन्छ "समाजमा, काम गर्ने ठाउंमा, परिवारमा हुने महिलाको दमन एवम् शोषणबिरुद्ध चेतनाको विकास र महिला पुरुष एवम् दुबैद्धारा यो अन्यायपूर्ण अवस्था बदल्ने दिशामा जागरुक सक्रियता" नै महिलावाद हो । ( भसीन, खान )

हाम्रो जस्तो धार्मिक एंव सांस्कृतिक विविधता भएको देशमा महिलाको अवस्थामा परिवर्तन ल्याउन सहज हुंदैन । जव एउटा किशोरी विवाहका लागि योग्य हुन्छिन्, त्यतिवेला तिनले आफ्नो कर्तव्यको वारेमा बोध गर्छिन न कि अधिकारको

बारेमा । तिनलाई नारी संधै पुरुषको आश्रयमा रहनु पर्छ भनेर सिकाइन्छ । छोरीको पनि छोरा सरह पैतृक सम्पत्तिमा हक हुन्छ भन्ने कुरा उनीलाई वताइदैन ।

नेपाली महिलालाई छोरी, पत्नी तथा आमाको रुपमा हेरिन्छ । उन्लाई आफ्नो स्वतन्त्र पहिचानको रुपमा चिनिदैन । उनीहरुलाई घर र खेतवारीमा सीमित गरिन्छ । उनीहरुलाई सामाजिक जीवनमा अग्रसर हुन बाधा उत्पन्न गरिन्छ । (आचार्य, २०६१ )

महिलावादी सिद्धान्त भन्नाले महिलाको सामाजिक परिवेश, हक, अधिकार वास्तविक स्थिति आदिका बारेमा बिभिन्न बिद्धानहरु तथा विचारकहरुको मत हो । यस सम्बन्धमा विभिन्न मत वा विचारहरु छन् जस्मा प्रमुख मत निम्नानुसार छन् ।

**क) आमूल महिलावाद**

सामाजिक जीवनका कतिपय क्षेत्रहरुले मानिसका बीचमा विवाद उत्पन्न गराउंदछ । धनी र गरीव बीचको खाडल, लैङ्गिक विभेद, जातिय विभेद र असमानताका कारण व्यक्ति, परीवार, समुदाय र समाजलाई हुने क्षतिले समाजमा झगडा उत्पन्न गराउंदछ ।

समाजमा सम्पत्ति, शक्ति, सम्मान मानिसको उमेर, लिंग, शिक्षा, पेशा तथा जातीयताका आधारमा विभाजन गरिन्छ । असम्पन्न ग्रामीण क्षेत्रमा खाना तथा पोशाक प्रमुख आधार हुन्छन् भने सम्पन्न क्षेत्रमा राजनैतिक शक्ति, स्वास्थ्य तथा विलासितालाई पनि आधार मानिन्छ ।

नारी र पुरुषका आधारभूत रुपमा वेग्ला वेग्लै रुचि हुन्छन् । नारी र पुरुषका बीच भएको असमानता हटाउनु पुरुषले प्राप्त गरेका शक्ति, सम्पत्ति र सामाजिक प्रतिष्ठामा महिला वर्गलाई पनि सहभागी गराइनु पर्छ जुन कि पुरुषले चाहदैनन् । महिला विभेद र दमनको थलो परिवार हो । प्राकृतिक लिङ्गका आधारमा श्रम विभाजन हुन्छ र सोही अनुरुप सामाजिकीकरण तथा भूमिका निर्धारण हुन्छ । पितृसत्ता अर्न्तगतको सामाजिक सम्बन्ध नै विभेदको मुख्य तत्व भएकोले परिवारमा लाग्ने

मानिसको आवश्यकता पुरा गर्न समलिङ्गीको विवाहलाई विकल्प रुपमा लिंदा पितृसत्ता अर्न्तगत रहेका पुरुष हैकमवादी एवम् दमनकारी सोचाइ र व्यवहारमा परिवर्तन हुन सक्छ । पितृसत्तात्मक परिवारमा सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक रुपमा पुरुषवाट हुने विभेदहरु असमानता, दमन र हिंसा आदि पक्षमा यो सिद्धान्तले व्यापक रुपमा बहस गरेको छ ।

महिला हुनु आफैमा दुर्भाग्य होइन । महिलाको रुपमा महिलाका आफै कतिपय बिशेषताहरु छन् तर पितृसत्तात्मक व्यवस्थाले महिलाका ती बिशेषतालाई कदर गर्न कन्ज्यूस्यांई गर्ने गरेको छ । यस पितृसत्तात्मक व्यवस्थाले गर्दा महिलाहरु हरेक क्षेत्रमा थिचोमिचोमा परेका छन् । (मिलेट, सन् १९७०)

**ख) मार्क्सवादी महिलावाद**

मार्क्सका लागि मानिसका सवैभन्दा आधारभूत आवस्यकता भनेको भोजन, कपडा र आवास हुन् । यी आवश्यकता परिपूर्ती गर्ने सिलसिलामा उनले २ वटा कुरामा जोड दिए : कसरी वस्तु र सेवाको उत्पादन हुन्छ तथा वस्तु उत्पादन हुने तरिकाले कसरी मानिसलाई प्रभाव पार्छ ? मार्क्सका अनुसार उत्पादन प्रकृयाले सामाजिक सम्बन्धमा असर पार्छ । मानिसमा सामाजिक जीवन बुझ्न हामीले मानिसका उत्पादन प्रकृयामा उसको भूमिकाको विचार गर्नु पर्ने हुन्छ । जसले उत्पादन प्रकृयालाई नियन्त्रण गर्छ उसले नोकरीमा पनि नियन्त्रण गर्छ । त्यस अवस्थामा मजदूरहरुले कि त उपलब्ध ज्यालामा काम गर्नु पर्छ कि काम छोड्नु पर्छ । जब निजी क्षेत्रले उत्पादनमा नियन्त्रण गर्छ भने पूँजीपतीहरुले मजदुरहरुलाई शोषण गर्छन र प्रतिष्ठा तथा सम्पत्ति आर्जन गर्छन् ।

मार्क्सवादीहरुले तर्क गर्छन कि पूँजीवादी प्रथालाई नहटाए सम्म महिलाहरुले समान हक र अधिकार प्राप्त गर्न सक्दैनन् । किनकि पूँजीवादी प्रथाले महिलाको शोषण गरेको छ । मार्क्सवादले महिला र पुरुषबीच रहेको असमानशक्ति सम्बन्धलाई जोड दिन्छ । यसैका आधारमा लैङ्गिक सम्बन्धको विकास र व्यवहारिक यर्थाथतालाई जोड

दिन सकिन्छ । यस खालको असमान शक्ति सम्बन्ध भनेको पुरुष शक्तिवान र महिला शक्तिहीन हुनु हो । कार्ल मार्क्सले महिला पुरुषवीच रहेको असमान शक्ति सम्बन्धलाई विश्लेषण गर्दै भनेका छन् कि पूजींवादी समाजमा जसरी पूजींपतिहरुले स्रोतमाथि नियन्त्रण गरे त्यसरी नै महिलाहरु श्रमजीवी जस्तै हुन्छन् । जहाँ स्रोतमाथिको नियन्त्रण पुरुषको हातमा केन्द्रित हुन्छ । अर्कातिर महिला र पुरुषवीचको सामाजिकीकरणको प्रक्रियाले महिला र पुरुषवीच मनोवैज्ञानिक र कार्यगत असन्तुलन र असमानताहरु समाजमा स्थापित गर्ने कार्यहरु भए । यस परिस्थितिमा महिलाहरुको स्रोत माथि पहुचँ घट्ने, शिक्षा , रोजगार तथा बाह्य गतिविधिमा संलग्नताको पहुच सधै कमजोर नै रह्यो ।

मार्क्सवादी महिलाहरु महिला र पुरुषवीचको सम्बन्ध वैज्ञानिक आधारमा विश्लेषण गर्दछन् । जसमा महिलाहरुमाथि रहेका सामाजिक , आर्थिक तथा सांस्कृतिक विभेदहरुको अन्त्य गरी उत्पादन शक्तिमाथिको पहुच बढी मजबुत गर्नुपर्ने तथ्यमा जोड दिन्छन । महिलाहरुमा भएको ज्ञान, सिप र क्षमताको प्रयोग गर्नुपर्दछ । मार्क्सवादी महिलावाद अनुसार समाजको विश्लेषण जसरी वर्गीय आधारमा गर्नु जरुरी छ त्यसरी नै लैंगिक आधारमा गर्नु आवश्यक छ । ( आचार्य,२०५९)

### ग) समाजवादी महिलावाद

समाजवादी तथा पूँजीवादी सिद्धान्तमा शक्तिको विभाजनमा तहगत भिन्नता छ । समाजवादमा पार्टी तथा सरकारी निकायले ज्यालाको निर्धारण गर्दछन् । यस्तैगरी कस्तो किसिमको कति परिमाणमा वस्तु र सेवाको उत्पादन गर्ने र कसरी वितरण गर्ने भन्ने कुरा पनि पार्टी र सरकारी निकायले निर्धारण गर्दछन् । समाजवादी समाजमा आर्थिक विषयमा विवाद नहुनु पर्ने हो, किनकि राज्यले जनताको पक्षमा काम गर्छ तर हाल देखिएका समाजवादी राष्ट्रहरुमा मजदुर र राज्यकावीचमा विवाद देखिएका छन् ।

समाजवादी महिलावादीहरुको मुख्य जोड महिलाप्रति देखिएको रुढीवाढी बिचार र पूर्वाग्रह हटाउन पर्छ भन्ने हो । कतिपय महिलाहरु नै महिलाप्रति पूर्वाग्रही रहेको

पाइएको हुंदा यस्ता भावनाहरु हटाई लैङ्गिक विभेदको अन्त्य गर्न जोड दिन्छ । ( आईन्स्टाइन, सन् १९९४)

समाजवादी महिलावाद , आमूल महिलावादी विचार र मार्क्सवादि महिलावादी विचारको संयोजनको रुपमा आएको छ । समाजवादी महिलावादमा ऐतिहासिक भौतिकवादलाई जोड दिदैं घटनावृतको ऐतिहासिक विश्लेषण गरिन्छ । जसमा समयान्तरालका उत्पादन व्यवस्था र सामाजिक जीवनका वारेमा विश्लेषण गरिन्छ । भौतिक बस्तुले सामाजिक जीवनमा पारेको प्रभावका वारेमा अध्ययन गरिन्छ । मूलतः वर्गीय असमानता भन्दा सामाजिक असमानतालाई जोड दिन्छ ।

**घ) उदारवादी महिलावाद**

महिला मुक्ति र स्वतन्त्रताका सम्बन्धमा उदार महिलावादी सैद्धान्तिक बिश्लेषणले निकै महत्व राख्दछ । जसले महिलाको स्वतन्त्रता र विकासलाई जोड दिएको छ । महिलाहरुलाई सामाजिक सांस्कृतिक मान्यताले समाजमा निर्दिष्ट कार्य विभाजनको स्वरुप निर्धारण गरेको छ भन्ने मान्यता यसमा रहेको छ । उनीहरु पुरुषसरह सवै प्रकारका कार्य गर्न स्वतन्त्र छैनन् । यसैले उनीहरुको स्वतन्त्रतालाई बढावा दिन सके महिला मुक्तिका प्रयासहरु सार्थक रहन सक्दछन् भन्ने मान्यता राख्दछ । उदार महिलावादले महिला समानता, स्वतन्त्रता, विकास र विभेदको अन्त्यलाई जोड दिन्छ । उदार महिलावादले महिलाको विकास र मुक्तिका लागि पुरुषहरुको भूमिका र संलग्नतालाई सकारात्मक रुपमा लिन्छ । (आचार्य, २०६१)

असमान श्रम विभाजनले गर्दा महिला र पुरुष दुबै समान रुपमा पीडित छन् । महिलाहरुलाई गरिने विभेदका कारण उनीहरुले समान अवसर प्राप्त गर्दैनन् जसले गर्दा लाभमा पनि असमानता हुन्छ । उदारवादी महिलाहरुले क्रान्तिकारी परिवर्तनमा भन्दा प्रजातान्त्रिक प्रकृयाले समाज सुधार गर्नमा जोड दिन्छ । जसले महिलालाई उच्च तहको पदमा रहेर काम गर्ने स्थितिको सृजना गर्दछ । (लुईटेल, सन् २००८)

**पितृसत्ता**

पितृसत्ता एक सामाजिक अभ्यास हो जसले पुरुष प्रधानतालाई मान्यता दिन्छ । पितृसत्ताले संरचनात्मक रुपमा नै परिवारको महिलाहरु, अन्य पुरुषहरु, केटाकेटी, बृद्धवृद्धा, अशक्त र घरेलु कामदारलाई मूल पुरुषको अन्तर्गत नियन्त्रणमा राख्दछ । पितृसत्तामा घर, परिवार, समाज र राष्ट्रको नै मुख्यको रुपमा पुरुषहरु रहेका हुन्छन् । भारतीय महिला अधिकारवादी कमला भसीनका अनुसार पितृसत्तात्मक व्यवस्थामा महिलाहरुको उत्पादन, श्रमशक्ति, महिलाहरुको प्रजनन शक्ति, महिलाहरुको यौनिकता, महिलाहरुको गतिशीलता र सम्पति, व्यवसाय तथा अन्य आर्थिक स्रोतसाधनमा पुरुषहरुको नियन्त्रण हुन्छ ।

पितृसत्तात्मक व्यवस्थामा पुरुषहरुको स्थान उच्च हुन्छ । पुरुषहरु उच्च हुन्छन् भने महिलाहरु निम्न । पुरुषका हातमा सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक शक्ति हुन्छ तर महिलाहरु शक्ति र अधिकारवाट बंञ्चित हुन्छन् । फलस्वरुप नारीहरु पुरुषको इच्छा र चाहनाअनुसार दविएका हुन्छन् , अनि शोषिएका हुन्छन् । महिला दमन र शोषण विश्वव्यापी रुपमा रहेको देखिन्छ । नेपालको सन्दर्भमा महिलाहरु पुरुष सरह सामाजिक सांस्कृतिक अधिकारवाट बंञ्चित छन् भने अमेरिकाजस्तो विकसित मुलुकमा पनि महिलाहरुको पुरुष समान पहुचँ छैन । संसारका विभिन्न मुलुकमा महिलामाथि दमन गरिएको पाइन्छ । (अर्याल,२०६२)

**महिला र काम**

महिलाको कामलाई विभिन्न समुदाय तथा समाजले भिन्दाभिन्दै अर्थ लगाउछन्। अमेरिकन ग्रामीण कृषी समाज र औधोगिक समाजमा आर्थिक अवस्थाको कुरा गर्दा महिलाको कामलाई केही रुपमा भएपनि परिवर्तन गरिएको छ । दोस्रो विश्व युद्ध अगाडि र पछाडि महिलाको कामको प्रकार, काम अनुसारको तलव स्केल, सामाजिक व्यवहारहरुमा महत्वपूर्ण परिवर्तन भएका छन् । (ओलनवर्गर, जेन सी., मोरे, ए १९९२)

## २.२ सामाजिक कानूनशास्त्र

कानूनशास्त्रका आधुनिक सिद्धान्तहरुले कुनै न कुनै रुपमा कानूनलाई समाजसंग सापेक्षित राख्ने प्रयत्न गर्दछन् । कानूनशास्त्रको यस दृष्टिकोणको उत्पत्तिमा विभिन्न किसिमका तत्वहरुको भूमिका रहेको छ । उन्नाईसौं शताव्दीपछिको युग सामाजिक जीवनलाई अत्याधिक महत्व दिई अघि बढ्दै गइरहेको छ । यसले दर्शनका हरेक पक्षहरुको ध्यानाकर्षणले गर्दा पनि व्यक्तिगत अधिकारमाथि केन्द्रित नरही समाज र समाजको चाहनामाथि यो केन्द्रित हुन पुगेको छ । जनसंख्याको बृद्धि दर यति तीव्र गतिमा भइरहेको छ कि संसारमा उपलब्ध आर्थिक स्रोत यसलाई धान्न असफल भई सकेको छ । औधोगिक क्रान्ति पछि जन्मेका दुई परस्पर संघर्षशील बर्गहरुका बीचमा असमानता झन झन बढिरहेको छ । वर्तमान युगको अर्को महत्वपूर्ण बिशेषता राजनैतिक क्षेत्रमा भेटिन्छ । मानिसहरु प्रजातान्त्रिक व्यवस्थाप्रति जोड दिदै कानूनको शासन हुनु पर्छ भन्ने कुराको पक्षपाती रहेका छन् । यसले गर्दा समाजका समस्याहरुको समाधान प्रजातान्त्रिक अर्थात कानूनी तवरबाट गर्नु पर्छ भन्ने धारणाले अत्याधिक महत्व पाएको छ । स्वभावतः कानून समाजको चाहना विपरीत भए अस्तित्वमा रहन सक्दैन । कानूनलाई सामाजिक तत्वको प्रतिबिम्ब मान्ने यस युगका कानूनविदहरु कानूनको अध्ययन सामाजिक कारणहरुको अध्ययनद्धारा निर्देशित हुन्छन् भन्ने ठान्दछन् । मूलतः यही धारणा अनुसार प्रवाहित बिभिन्न कानूनविदहरुका कानूनी मतहरुलाई कानूनीशास्त्रमा समाजशास्त्रीय मत भन्ने गरिएको छ । (संग्रौला, युवराज, २०५०)

"कानूनी संस्थाहरुको" समाजशास्त्रीय अवधारणा तथा मान्यताको आधारमा अध्ययन गर्नुलाई कानूनको समाजशास्त्र भनिन्छ । अर्को तर्फ समाजशास्त्रलाई केन्द्र बिन्दु मानेर कानूनी मान्यता तथा अवधारणाको आधारमा सामाजिक संस्थाको पनि अध्ययन गरिन्छ । यसले कानूनविद, न्यायाधीश, वकील र अपराधीहरुको सामाजिक भूमिकाको बिश्लेशण गर्दछ । त्यस्को अलावा कानूनको समाजशास्त्रको मुख्य उद्देश्य तिनीहरु समाजको सामान्य बनावटमा कसरी समाहित हुन्छन् भन्नेबारेमा पनि अध्ययन गर्दछ ।

कानूनको समाजशास्त्रले कानूनको अध्ययन सामाजिक सम्बन्धहरुको अध्ययन संग सम्बन्धित हुनुपर्दछ भन्ने मान्यता राख्दछ । सामाजिक दृष्टिकोणवाट कानूनलाई सामाजिक उन्नतिको एक साधन मान्ने गरिन्छ । कानूनको समाजशास्त्रीय कानून विदहरुले कानूनको समाजशास्त्रले न्यायको अर्मुत सिदान्तहरुको अध्ययन गर्नु पर्दछ भन्ने मान्यता राख्दछन् । त्यसैले भनिन्छ समाजशास्त्र कानूनको पनि बिज्ञान हो । वास्तवमा कानूनको विज्ञानको रुपमा लिनुलाई पनि कानूनको समाजशास्त्र भनिन्छ । कानूनको समाजशास्त्रको विकास, व्यक्तिगत, सामाजिक, राष्ट्रिय तथा अन्तराष्ट्रिय समस्याको समाधान शैदान्तिक र व्यवहारिक अनुसन्धानको माध्यमवाट भइराखेको हुन्छ । कानूनको अनुसन्धान समाजशास्त्रीय अनुसन्धानका तरिकाहरु नअपनाई हुन्छ भने त्यो अनुसन्धान अधुरो रहन्छ । त्यस्तै सामाजिक अनूसन्धानमा कानूनको विषयबस्तुको अन्तरनिर्भर छन् । कानूनको समाजशास्त्रलाई कार्यमूलक कानूनशास्त्र, सामाजिक अभियन्ताको कानूनशास्त्र पनि भनिन्छ । (ज्ञवाली चन्द्रकान्त, २०५९)

## २.३ आधुनिक कानूनी समाजशास्त्र

दोस्रो बिश्वयुद्ध पछि केही प्रख्यात समाजशास्त्रीले समाजमा कानूनको महत्वको बारेमा लेखेता पनि कानूनको अध्ययन समाजशास्त्रको घेरामा सीमित रहेन उदाहरणका लागि टाल्कोट पार्सन (Talcot parson) को भनाइमा कानून भनेको सामाजिक नियन्त्रणका लागि एक विधि हो । Functionalism का आलोचनाका बिरुद्ध उठेका प्रत्युत्तरमा कतिपय कानूनका सामाजिक मान्यताहरु स्थापित भए । कतिपय समाजशास्त्रीले कानूनलाई शक्तिको स्रोतको रुपमा व्याख्या गरे अन्य कतिपय समाजशास्त्रीले आधुनिक कानूनलाई समाजको आवश्यकता प्रतिफल भएको कुरामा तर्क पेश गरे । अन्य बिद्धानहरु जस्तै अमेरिकी समाजशास्त्री डोनाल्ड ब्ल्याकले बिशुद्ध समाजशास्त्रको मान्यता राख्दै कानूनी बैज्ञानिक सिदान्तको प्रतिपादन गरे ।

रोबर्ट म्याक ईभर (Robert Mac Iver) त्यस्ता समाजशास्त्रीहुन् जसले सामाजिक व्यवस्थालाई यान्त्रिक दृष्टिले नहेरी बहुभाषिक दृष्टिले हेरे उन्को बिचारमा सामान्यत सामाजिक न्यायलाई भौतिक न्यायको रुपमा सम्झने गरिन्छ र जबसम्म

बाध्यात्मक स्थिति उत्पन्न भई परिवर्तन नभएसम्म हरेक सामाजिक व्यवस्था आफै मिलेर संचालन भइरहेको हुन्छ । (विकिपैडिया, २००८)

## २.४ अध्ययन प्रेरित साहित्य सर्वेक्षण

### २.४.१ कानून व्यवसायः

मानव सभ्यताको समग्र इतिहासलाई अवलोकन गरेर हेर्दा कानून व्यवसायको अवधारणा धेरै पछि मात्र देखा परेको हामी पाउंछौं । ऋग्वेद, यजुवेद र अर्थववेद तथा रामायण र महाभारतकालीन युद्धमा न्यायका सर्वकालिक सिद्धान्त र मूल्यहरु सघन रुपमा विकसित भएता पनि त्यहां कानून व्यवसायसम्बन्धी विशिष्ट अवधारणा भेटिदैन । ग्रीक साम्राज्यकालमा भने कानून व्यवसायीहरुको सम्मान, प्रतिष्ठा निकै चुलिएको देखिन्छ । त्यसवेला सम्राटहरुले त्यस बर्गलाई बिद्धान भनी सम्बोधन गर्ने र तिन्को राय सल्लाह एंव परामर्शलाई राज्य संचालनका निम्ति आवश्यक ठान्ने गर्दथे । बिद्धानहरुको विद्धताको कदर गर्न जब शासकहरु चुक्न थाले त्यसपछि साम्राज्य र शासन प्रणालीहरु धरमराउन थालेका तथ्य भेटिन्छन् । ग्रीक साम्राज्यको असर रोमन कानूनमा र रोमनको अधिपत्य अंग्रेज भूमिमा देखापर्‍यो । रोमनको विस्तारले अंग्रेजी मुलुकमा समेत कानून व्यवसायले अस्तित्व लिन थालेको पाइन्छ । भनिन्छ रोमन साम्राज्यमा जनसंख्याको आधा भाग वकिल वर्ग नै थिए । ब्रिटीस, पोर्चुगल र फ्रेन्चको भारतीय उपमहाद्धीपमा प्रवेश अघि त्यहां स्मृति र पुराणहरुद्धारा शासन प्रणाली संचालन गरिने गर्दथ्यो । त्यसवेला भारत बर्षमा पश्चिमी खालको कानूनी राज्य नभएर धार्मिक मूल्यमा आधारित न्यायप्रणाली हावी थियो । भनिन्छ, त्यहां कानून व्यवसायीको अभिभारा निशुल्क पण्डितहरुद्धारा पूर्ति हुन्थ्यो । न्याय सम्पादन गर्दा राजाले आफ्ना कानूनी सल्लाहकारहरुको सल्लाह लिन सक्ने व्यवस्था थियो । याज्ञवल्क्यका अनुसार सल्लाहकारहरु वेदादिको अध्ययनबाट युक्त, धर्म शास्त्र, ज्ञाता, सत्यवादी तथा शत्रु मित्रकोप्रति समान भाव भएको, रागद्धेष नभएको हुनुपर्ने योग्यता तोकिएको

थियो । (याज्ञावल्क्यको स्मृति २/२) इष्ट इन्डियाको प्रवेश पछि त्यहां अँग्रेजी कानूनको प्रचार प्रसार भयो । ब्रिटिस भारतका संभ्रान्त परिवारका सदस्यहरु स्वदेशमा पढ्ने राम्रो व्यवस्था नभएकोले कानून शिक्षा आर्जनका लागि ईंग्ल्याण्ड जाने गरेको तथ्य महात्मागान्धी र जवाहरलाल नेहरु आदि बेलायतमा गई अध्ययन गरेको उदाहरणबाट पाउन सकिन्छ । कानूनव्यवसायको इतिहास नै कानूनी एंव संवैधानिक कानूनको इतिहास हो । जहां कानूनी राज्य स्थापना हुन्छ त्यहां मात्र यस व्यवसायको गरिमा बृद्धि भएको हुन्छ । संयुक्त राज्य अमेरिका मुक्त हुनु अघि फिलाडेल्फिया सम्मेलनले चुनिएका संविधान मस्यौदाकारहरुमा अधिकांश कानून व्यवसायीहरु नै परेका थिए । (खनाल, २०६५)

### २.४.२ नेपालमा कानून व्यवसाय

देशको शासन व्यवस्थामा न्यायपालिकाको महत्वपूर्ण भूमिका हुन्छ । न्यायपालिका जति सक्षम, प्रभावकारी र स्वच्छ हुन्छ त्यतिनै देशमा कानूनी शासनको प्रत्याभूती हुन्छ । न्यायपालिकाको मेरुदण्ड भनेको समग्र कानून व्यवसायी हुन् । कानून व्याख्या तथा कार्यान्वयनका प्रमुख पक्षमा कानून व्यवसायीको अहम भूमिका हुन्छ । प्रत्येक कानून व्यवसायीले कानून कार्यान्वयनका क्रममा न्यायापालिकालाई महत्वपूर्ण सहयोग गरिरहेको हुन्छ ।

नेपालमा न्यायपालिकाको इतिहास हेर्दा पौराणिक कालदेखि लिएर । प्राचीन तथा मध्यकालमा पनि न्याय सम्पादन गर्ने कुनै न कुनै व्यवस्था गरिएको पाइन्छ । राणाकालमासमेत न्याय सम्पादन गर्न अदालत सरहका निकायको व्यवस्था भए पनि स्वतन्त्र न्यायपालिकाको अवधारणा थिएन । त्यसबेला तत्कालीन श्री ३ महाराजको  आदेश कानूनभन्दा माथि मानिने र न्याय सम्पादन गर्ने अधिकारी पनि राणा परिवार वा तिनका बिश्वासपात्र हुने भएकाले न्यायपीलका स्वतन्त्र थिएन । वि.स. २००८ सालमा प्रधान न्यायालयको व्यवस्था भएपछि मात्रै नेपालमा स्वतन्त्र न्यायपालिकाको अवधारणा

बिकास भएको हो । प्रधान न्यायालयको स्थापना संग संगै कानून व्यवसायको महत्व र मर्यादामा बृद्धि हुन गएको पाइन्छ ।

वस्ती (२०५६) आफ्नो लेख “नेपाल बार एशोसिएशन : थालनीदेखी चौथो बिसौनीसम्म” मा  लेख्नुहुन्छ प्रधान न्यायलयको स्थापनापछि आ आफ्नो घर, कोठामा चल्ने लेखनदासी बृत्तिले २००८ सालदेखि कलेवर फेर्न थाल्यो । न्यायाधीश हरिप्रसाद प्रधान कै प्रेरणावाट वकीलहरु समुहकृत हुन थाले । अधिवाचनालयको नाम दिएर वकिलहरुले भाडामा कोठा लिई कानून व्यवसाय संचालन गर्न थाले । यस सन्दर्भमा सर्वप्रथम काठमाण्डौको मखनमा २००८ सालमा अधिवचनालय खोलियो । जानेर होस् नजानिकन होस् त्यसमा सभापति, उपसभापति, सचिव आदि पदाधिकारी पनि रहन थाले । मखन अधिवचनालयको सभापति पूर्णनारायण प्रधान हुनुभयो भने उपसभापतिमा हेरम्ब प्रसाद उपाध्याय, सचिव नारायण प्रसाद श्रेष्ठ, कोषाध्यक्ष रत्न नारायण प्रधान र सदस्यमा ईश्वरलाल झा, मुक्तिलाल झा, बलभद्र मिश्र र दुर्गा प्रसाद झा हुनुहुन्थ्यो ।

वर्तमान सन्दर्भमा कानून व्यवसायीको महत्व झनै बढ्दै गएको छ । देशमा प्रजातान्त्रिक मूल्य र मान्यता पुनस्थापना गर्न होस् वा कानूनी राज्यको अवधारणालाई दरिलो बनाउन कानून व्यवसायीहरुको भूमिका अग्रणी रहेको छ ।

नेपालमा त्रिभुवन विश्वविद्यालय अन्तरगत कानून बिषयको पठन पाठन हुने व्यवस्थाले पनि कानून व्यवसायीको संख्यामा निरन्तर बृद्धि भईरहेको छ । बर्तमान सन्दर्भमा कानून व्यवसायीहरुको क्षेत्र फराकिलो हुँदै गइरहेको छ र यस संगसंगै समस्या पनि फिजिदै गई सकट ग्रस्त बन्न गएको छ । सारा संसार विश्वव्यापीकरणको माहौलबाट अघि बढि रहेको सन्दर्भमा पेशा भित्र विशिष्टीकरण गर्न जरुरी छ । (दवाडी, २०५९)

निरु श्रेष्ठ र सुधा खतिवडा (२०६४) का अनुसार कानून व्यवसायीहरुको संख्यामा बृद्धि हुँदै गएको भएतापनि तुलनात्मक रुपमा महिला कानून व्यवसायीहरुको बृद्धि हुन सकेको छैन । नेपालमा अरु क्षेत्रमा झै कानून व्यवसायमा लाग्ने महिलाहरुको संख्या पनि अत्यन्त कम छ । सामान्यतया पुरुषहरुको तुलनामा महिलाहरुलाई अवसर कम हुने तथा लेख्ने पढ्ने उमेरमा विवाह भए पछि पराई घरमा बुहार्तन स्याहार्दैमा जिन्दगी बित्ने बाध्यता नेपाली समाजको यथार्थता हो । कानून व्यवसाय लगायत न्याय सेवाको क्षेत्रमा महिलाहरुको सहभागिता र संलग्नता कम हुँदै जानुमा वर्तमान शिक्षा प्रणाली पनि जिम्मेवार छ ।

### २.४.३ कानून तथा न्याय क्षेत्रमा महिलाको प्रवेश

वि.स. २००८ सालमा प्रधान न्यायालय ऐन लागु भै प्रधान न्यायलयको स्थापना भए पनि २०११ सालसम्म न्याय क्षेत्रमा महिलाले लेखेको निवेदनहरु सदर हुंदैनथ्यो । वि.स. २०१३ सालमा सर्वोच्च अदालत ऐन २०१३ आएपछि प्रधान न्यायालय सर्वोच्च अदालतमा परिणत भयो र सोही सालबाट अदालतमा कानून व्यवसाय गर्नका लागि प्रमाणपत्र दिने व्यवस्था गरियो । यो नयाँ नियामानुसार पहिलो प्रमाणपत्र लिने व्यक्ति रामलखन प्रसाद रौनियार हुन् । (वस्ती, २०५६)

पछि वि.स. २०१७ सालमा कानून क्षेत्रमा पहिलो महिला स्व. शान्ति देवी क्षेत्रीले कानून व्यवसाय गर्न पाउं भनी निवैदन दिएपछि सर्वोच्च अदालतवाट महिलालाई एजेण्टमा दर्ता गरी वकालत गर्न पाउने निर्णय गरेको हुंदा २०१७ सालबाट मात्र कानून क्षेत्रमा महिलाको प्रवेश भएको पाइन्छ यद्यपि वि.स.२०२० सालसम्म उनै एकजना महिलामात्र महिला अभिकर्ताको रुपमा रहेकी थिइन् ।

वि.स. २०२० सालमा पहिलो पटक महिला अधिवक्ताको रुपमा सुशीला सिंह सिलुले प्रमाणपत्र लिई कानून क्षेत्रमा दोस्रो महिलाको प्रवेश भएको थियो । त्यसपछि वि.स.२०२४ सालमा तीन जना महिलाहरु शारदा श्रेष्ठ, इन्दिरा राणा र जनकराज्य लक्ष्मी राणा र २०२५ सालमा शान्ता थपलियाले अधिवक्ताको प्रमाणपत्र पाई महिला अधिवक्तामा दरिएका थिए । यसरी २०२५ सालमा कानून व्यवसायीमा १ जना अभिकर्ता र ५ जना अधिवक्ता गरी जम्मा ६ जना महिलाले कानून क्षेत्रमा प्रवेश गरेका थिए ।

त्यस्तै न्याय क्षेत्रमा न्याय सेवावाट शुरुमा भूमिसुधार विशेष अदालतमा न्यायाधिश पदमा नियुक्ति हुनु भएका श्री शारदा श्रेष्ठ अदालतको इतिहासमा पनि जिल्ला अदालतका प्रथम महिला न्यायाधीशको रुपमा प्रवेश पाउनु भयो भने कानून व्यवसायी महिलाको तर्फवाट न्यायाधिमा प्रवेश गर्ने पहिलो महिला न्यायाधिशमा श्री सुशीला सिंह सिलु हुनु भयो । त्यस्तै सरकारी वकिल तर्फ नायव महान्यायाधिवक्ता सम्म बन्ने पहिलो महिला श्री शारदा बज्राचार्य हुनु भएको पाइन्छ भने न्याय परिषदको सचिवमा पुग्ने पहिलो महिला श्री इन्दिरा राणा हुनुहुन्छ । त्यस्तै प्रा.डा.शान्ता थपलिया कानून बिषयमा बिद्याबारिधि गर्ने र कानून शिक्षाको प्राध्यापक बन्ने पहिलो महिला हुनुहुन्छ । (महिला कानून बुलेटिन, २०६१)

## २.३ पूर्व अध्ययनको समीक्षा

एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोईमेन्ट ( अ केस स्टडी अफ पोखरा सब मेट्रो पोलिस एण्ड कास्की डीस्ट्रीक्ट डेभलपमेन्ट कमिटी अफिस ) भन्ने विषयमा गरिएको अध्ययनले सरकारी सेवामा पुरुषको तुलनामा एक चौथाइभन्दा पनि कम मात्रामा महिलाहरुको संख्या रहेको त्यसमा पनि अधिकृत तह वा निर्णायक तहमा महिलाहरुको संलग्नता अझै कम रहेको उल्लेख गर्नु भएको छ। साथै शिक्षा र नोकरीले महिलाको क्षमता र जीवनस्तरमा सुधार ल्याउने निचोड आएको छ । (ढकाल, सन् २००७)

सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दिपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहूँ भन्ने शीर्षकमा गरिएको अध्ययनमा जागिरे महिलाहरुको शैक्षिक स्तर कम भएकोले उनीहरु तल्लो तह र अस्थाई पदमा रहेका छन् । अधिकांश महिलाहरुले कार्यालय र घरको गरी दाहोरो भूमिका निर्वाह गरिरहेका छन् । उनीहरु सवैजनाले महिलाको सामाजिक र आर्थिक स्थितिलाई उकास्नको लागि महिला शिक्षालाई नै महत्वपूर्ण जोड दिएको कुरा निचोडमा आएको छ । ( पिया रसीया, सन् २००७)

सोसीओ ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर ( अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी., कास्की ) शीर्षकमा गरिएको अध्ययनमा पितृसत्तात्मक र पितृ सत्तात्मक सोचले जरा गाडेको समाजमा महिला कृषकहरुको सामाजिक र आर्थिक अवस्था गरीव र शोषित भएको पाइन्छ । प्रत्यक्ष आर्थिक लाभ नहुने घरायसी काममा महिलाको बढी प्रयोग हुन्छ । धेरै महिला कृषकहरु बचत कार्यक्रममा संलग्न देखिन्छन् भने कम मात्र महिला कृषकहरुले क्षमता विकास तालिम पाएका छन् । एकातिर महिलाहरुलाई निर्णय प्रक्रियामा संलग्न गराइदैन भने अर्कोतिर महिलाहरु अझैपनि निर्णय प्रक्रियामा संलग्न हुन हिच्किचाउछन् । उनीहरु विभिन्न आधारमा सामाजिक र आर्थिक रुपमा शोषित छन् । पुरुषहरु कम मात्रामा शारीरिक काममा संलग्न हुन्छन् भने महिलाहरु पुरुषको तुलनामा बढी काम गर्छन तर पनि उनीहरुले समाजमा कम आर्थिक महत्व पाउछन् भन्ने निचोड रहेको पाइन्छ । (गुरुङ, सन् २००७)

नेपालका महिलाहरुको अवस्थाको वारेमा मीना आर्चायले परम्परागत नेपाली समाजमा जात, वंशज र पारिवारिक अवस्थाले गर्दा महिलाहरुको सामाजिक सम्बन्ध तथा अर्न्तक्रियामा शोषण गरिरहेको छ । यस्ता तत्वहरुले गर्दा महिलाहरुको अवस्था समाजपिच्छे फरक फरक रहेको छ । (आर्चाय : सन् १९८१, साभार, कोइराला,१९९७)

नेपाली महिलाहरुको अवस्था विकसित मुलुकको भन्दा दयनीय छ । एक्काईसौ शताब्दीसम्म पनि यहाँको पितृसत्तात्मक सोच, रुढीवादी परम्परा, अशिक्षा, गरीबी तथा अन्धविश्वासले गर्दा नै महिलाहरु पछाडि परेका कारणहरु हुन् । ( उप्रेति, १९८८)

**सैदान्तिक समालोचनाको निचोड** :

विभिन्न सन्दर्भ साहित्यहरुको पुनरावलोकन गर्दा हाम्रो समाजमा रहेको महिला र पुरुषवीचको समाजले हेर्ने दृष्किोणको विश्लेषण गरिएको पाइएको छ । महिलाहरुको शैक्षिक स्तर अझै पनि उकास्न सकिएको छैन । त्यसैले माथिल्लो तहको जागिर तथा पेशा व्यवसायमा लाग्न कठिन परिरहेको छ । जव शिक्षाको दर पुरुषको हाराहारीमा आउछ तवमात्र महिलाहरु पनि पुरष सरह जुनसुकै काममा पनि अगाडि बढ्न सक्दछन्।

# अध्याय – तीन

# अध्ययन विधि

प्रस्तुत अध्ययनलाई सत्य र तथ्यमा आधारित बनाई बढी प्रभावकारी बनाउन शोधकर्ताबाट स्थलगत अवलोकन तथा नेतृत्व तहका व्यक्तिहरुसंग प्रत्यक्ष अन्तरक्रिया लगायत त्यस सम्बन्धमा प्रकाशित विभिन्न सामाग्रीहरुको समेत सहयोग लिइएको छ । अध्ययनको आवश्यकता अनुसार गुणात्मक तथा संख्यात्मक दुवै प्रकारले तथ्याङ्कको विश्वसनीयताका लागि कानून व्यवसायमा संलग्न अग्रज पुरुष कानून व्यवसायी, केही युवा कानून व्यवसायीहरुका साथै पुनरावदेन अदालत पोखरा र कास्की जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीशका साथै अदालतका कर्मचारीहरुसंग अन्तक्रिया समेत गरिएको छ । यस अध्ययनमा सेवाग्राही समेतलाई समावेस गरी विश्लेषण गरिएको छ ।

## ३.१ अध्ययन ढांचा

महिला कानून व्यवसायीहरुको सामाजिक अवस्था पत्ता लगाउने मुख्य उद्देश्य लिई गरिएको यस अध्ययन मुख्यतया वर्णनात्मक र अन्वेषणात्मक छ ।

## ३.२ तथ्याङ्कको स्रोत र किसिम

यस अध्ययनको लागि प्राथमिक स्रोत र द्बितिय स्रोत दुबैको उपयोग गरिएको छ । प्राथमिक स्रोतको रुपमा हाल कानून व्यवसायमा कार्यरत महिला कानून व्यवसायीहरु, पुरुष कानून व्यवसायीहरु, न्यायाधीश र अदालतका कर्मचारीहरुलाई लिइएको छ भने द्बितीय स्रोतको रुपमा बिभिन्न प्रकाशित तथा अप्रकाशित कृतिहरु र बिभिन्न संस्थाहरु जस्तै ने.वा.ए. पुनरावेदन अदालत बार एशोसिएशन पोखरा, जि.वि.स. कास्की र पृथ्वी नारायण क्याम्पस पोखरावाट प्राप्त तथ्याङ्कहरुलाई पनि स्रोतको रुपमा लिइएको छ ।

### ३.३ समग्रता र नमुना

समग्रताः नेपाल बार एशोसिएशन पुनरावेदन अदालत बार एकाइ पोखराको २०६५ साल चैत्र १५ गते सम्मको तथ्यांक अनुसार हाल यस बारको सदस्य संख्या ४३८ जना रहेकोमा उक्त ४३८ जनामा ४२ जना महिला सदस्य रहेको देखियो । ती ४२ जना सदस्यहरु नै यस अध्ययनको समग्र हो र यो समग्र नै मेरो अध्ययनको नमुना पनि हो ।

### ३.४ प्राथमिक तथ्याङ्क संकलन बिधि

यस अध्ययनको प्रयोजनको लागि प्राथमिक तथ्याङ्कहरु निम्न विधिहरुको सहयताले संकलन गरिएको छ ।

#### ३.४.१ वैयक्तिक अध्ययन

कानून व्यवसायमा लागेर सफल भएका महिला कानून व्यवसायीहरुको वैयक्तिक अध्ययनलाई पनि यस अध्ययनको विधिको रुपमा लिइएको छ ।

#### ३.४.२ प्रश्नावली सूचि

यस अध्ययनको उद्देश्य पूर्तिको लागि एक प्रश्नावली अनुसूचि तयार गरिएको थियो । उक्त प्रश्नावलीमा खुल्ला र बन्द दुबै प्रकारको प्रश्नहरु समाविष्ट गरिएका थिए । ती प्रश्नहरुको माध्यमबाट महिला कानून व्यवसायीहरुको सामाजिक आर्थिक अवस्था, कानून व्यवसायप्रति निजहरुको धारणा र पेशागत निस्कृयताको कारण र प्रभाव बारेमा तथ्याङक सङकलन गरिएको थियो ।

### ३.४.३ समूह केन्द्रित छलफल विधि :

पुनरावेदन अदालत बार एकाइ पोखरामा आवद्द पुरुष कानून व्यवसायीहरु, नेपाल बार एशोसिएशनका पूर्व तथा हालका पदाधिकारीहरु, अदालतका कर्मचारीहरु र न्यायाधिशहरुलाई प्रत्यक्ष रुपमा भेटेर उहांहरुसंग अर्न्तवार्ताको माध्यमवाट तथ्याङंक सङकलन गरिएको थियो साथै उहाहरुलाई समुहमा  राखेर बिषयबस्तुमा अन्तरक्रियका माध्यमवाट छलफल गरिएको थियो ।

## ३.५ तथ्याङ्कको बिश्लेषण र प्रस्तुतीकरण

प्राप्त भएको तथ्याङलाई विभिन्न उपशीर्षकमा विभाजन गरी तालिकीकरण गरिएको छ । सामान्यतया तथ्याङहरुलाई तुलना गर्न र स्पष्ट पार्नको लागि टेबुल, नक्साको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कलाई विषयगत रुपमा पनि बिश्लेषण गरी व्याख्या गरिएको छ । तथ्याङ्कको बिश्लेषण गर्ने काम शोधकर्ता स्वयमबाट गरिएको हो ।

# अध्याय – चार

# तथ्याङ्कहरुको विवेचना र विश्लेषण

## ४.१ अध्ययनको क्षेत्र

यस जिल्लाको भूभाग समुन्द्री सतहवाट ४५० मिटरदेखि ८०९१ मिटर संम्मको उचाइमा रहेको छ । अन्नपूर्ण हिमश्रृखलाको तथा माछापुच्छ्रेको काखमा अवस्थित यो जिल्ला २८ डिग्री ०६ उत्तरदेखि २८ डिग्री ३६ इन्च उत्तरी अक्षांस तथा ८३ डिग्री ४० इन्चदेखि ८४ डिग्री १२ इन्च पूर्वी देशान्तरमा अवस्थित रहेको पाइन्छ । वर्गाकारमा रहेको यस जिल्लाको औसत लम्वाइ ६३ कि.मी.तथा चौडाई ५० कि. मी. रहेको छ । यो जिल्लामा मध्यपहाड तथा उच्चपहाडी भूभागसमेत रहेको हुनाले भौगोलिक विकटता रहेको पाइन्छ । यस जिल्लाको उत्तरी भभागको तुलनामा दक्षिणी भू भागमा जनघनत्व वढी तथा विशेष गरी शहरी जनसंख्या करिव ५२ %को हाराहारीमा रहेको छ । प्रसिद्ध पोखरा उपत्यका तथा विभिन्न तालतलैयाहरु पनि यसै दक्षिणी भू भागमा नै पर्दछन् ।

## ४.२ महिला कानून व्यवसायीको परिचय

कानून व्यवसायीको बारेमा भन्नु पर्दा नेपालको कानूनमा कानून व्यवसायीको परिभाषा गर्ने क्रममा कानून व्यवसायी परिषद ऐन, २०५० बमोजिम कानून व्यवसायी भन्नाले तोकिएको प्रकृया र परीक्षा उर्तीण गरी व्यवसायमा लागेका बरिष्ठ अधिवक्ता, अधिवक्ता, अभिवक्तालाई सम्झनु पर्दछ भनिएको पाइन्छ भने यिनिहरुको व्यवसाय नै कानून व्यवसाय हो र अधिवक्ता वा अभिवक्ताको प्रमाणपत्र प्राप्त गरेका महिलाहरुलाई महिला कानून व्यवसायी भनिन्छ ।


## ४.३ महिला कानून व्यवसायीहरुको जनजातीय स्थिति

नेपाल विभिन्न जात जातिको फूलवारी हो । त्यसैले महिला कानून व्यवसायीमा पनि त्यसको झलक पाइन्छ । अध्ययनको क्रममा महिला कानून व्यवसायीको जातीय अवस्था निम्नानुसार रहेको पाइएको छ ।

**तालिका नं :४.१ जातिको हिसाबले बर्गीकरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| बाहुन / क्षेत्री | २७ | ६४.२९% |
| जनजाति | १५ | ३५.७१ % |
| दलित | ० | ० |
| **जम्मा** | **४२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५




**चित्र नं :४.१ जाति तथा जनजातिय बर्गीकरण**

उपरोक्त तथ्याङ्कबाट स्पष्ट हुन्छ कानून व्यवसायमा लाग्ने अधिकांश महिला कानून व्यवसायीहरु बाहुन / क्षेत्री जातका छन् । सत्ताइस जना (६४ प्रतिशत ) महिला कानून व्यवसायीहरु बाहुन क्षेत्री जातका छन् भने त्यसपछि १५ जना ( ३६ प्रतिशत) मात्र जनजाति पर्दछन् । कास्की जिल्लामा दलित जातिका महिला कानून व्यवसायी १ जना पनि रहेको पाईएन । यसवाट के स्पष्ट हून्छ भने अझै पनि दलित महिला वर्ग पिछडिएका छन् । ब्राहमण, क्षेत्री जातिमा चेतनाको स्तर उच्च रहेको र शिक्षाको स्तरले पनि कानून व्यवसायमा सो जातको उल्लेख्य प्रतिनिधित्व भएको पाइएको छ ।

## ४.४ उमेरको हिसाबले वर्गीकरण


पुनरावेदन अदालत बार एशोसिएशन पोखरामा अवद्द महिला कानून व्यवसायीहरुको अध्ययन गर्दा निम्न लिखित संख्यामा निम्न लिखित वर्ष समूहका महिला कानून व्यवसायीहरु रहेको पाइयो ।

**तालिका नं ४.२ उमेरको हिसाबले वर्गीकरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| २५ देखि ३० वर्ष सम्म | २ | ४.७६ % |
| ३१ देखि ३५ बर्ष सम्म | १८ | ४२.८५ |
| ३५ देखि ४० बर्ष सम्म | १० | २३.८० % |
| ४० बर्षभन्दा माथि | १२ | २८.५७ |
| **जम्मा** | **४२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाले के देखाउछ भने २५-३० वर्ष उमेर समूहका ५ प्रतिशत, ३१-३५ वर्ष उमेर समूहका ४२ प्रतिशत, ३५-४० वर्ष उमेर समूहका २४ प्रतिशत , र ४० वर्ष माथि उमेर समूहका २९ प्रतिशत रहेका छन् । यस तथ्याङले सवै भन्दा धेरै ४३ प्रतिशत उत्तरदाताहरु ३१-३५ वर्ष उमेर समूहका रहेका छन् । यो उमेर समूह नै आर्थिक रुपले सक्रिय उमेर समूहका हो ।




**चित्र नं ४.२ उमेरको हिसाबले वर्गीकरण**

## ४.५ महिला कानून व्यवसायीको शैक्षिक अवस्था


कानून व्यवसाय सञ्चालन गर्नका लागि योग्य ठानिएका वा प्रमाणपत्र प्राप्त गरेका महिलाहरुको शैक्षिक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं ४.३ उत्तरदाताहरुको शैक्षिक स्थितिको संरचना**

| तह | संख्या | प्रतिशत |
|---|---|---|
| प्रवीणता प्रमाणपत्र तह | ७ | १६.६६ % |
| स्नातक तह | २५ | ५९.५२ % |
| स्नाकोत्तर तह | १० | २३.८०% |
| पी.एच.डी. | ० | ० |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

कास्की जिल्लामा भएका महिला कानून व्यवसायीहरु मध्ये करिव १७ प्रतिशतले प्रवीणता प्रमाणपत्र तह, पचास प्रतिशत जतिले स्नातक तह र करिव २५ प्रतिशतले स्नाकोत्तर तह उर्तीण गरेका छन् भने पी.एच.डी. तह उर्तीण गर्ने महिला कानून व्यवसायी छैनन् ।




**चित्र नं ४.३ उत्तरदाताहरुको शैक्षिक स्थितिको संरचना**


## ४.६ वैवाहिक अवस्था

कुनै पनि पेशा वा व्यवसायलाई उनीहरुको विवाहको स्थितिले पनि प्रभाव पार्दछ त्यसैले तल तालिकामा विवाहको स्थितिको वारेमा देखाइएको छ ।

**तालिका न. ४.४ महिला कानून व्यवसायीको वैवाहिक स्थितिको बनावट**

| वैवाहिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित | ३६ | ८५.७१% |
| अविवाहित | ६ | १४.२८ % |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५




**चित्र न. ४.४ वैवाहिक स्थितिको संरचना**

मथिको तालिकाले ८६ प्रतिशत विवाहित उत्तरदाता र १४ प्रतिशत अविवाहित उत्तरदाता समेटेको देखाइन्छ।

## ४.७ कानून व्यवसायमा क्रियाशील अवधि


कुनै पनि व्यवसायमा सफल हुनका लागि सो पेशामा निरन्तर लागि रहनु अत्यन्त आवश्यक छ यसैले यस बिषयमा दुई प्रकारले हेर्ने जमर्को गरिएको छ। प्रथमत पेशामा आउने महिला कानून व्यवसायीहरु कहिलेदेखि निरन्तर रुपमा यो पेशामा लाग्नु भएको छ साथै हाल पेशामा निरन्तर नभएको महिला कानून व्यवसायीहरु पहिला कुनै बेला यो पेशामा लाग्नु भएको थियो वा थिएन ?

**तालिका नं ४.५ हाल पेशामा आउने महिला कानून व्यवसायीहरुको क्रियाशील अवधि**

| पेशामा लागेको समय | संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ५ बर्ष | १२ | ४४ |
| ६ देखि १० बर्ष | ७ | २६ |
| ११ देखि १५ बर्ष | ४ | १५ |
| १६ देखि २० बर्ष | ३ | ११ |
| २० बर्षभन्दा माथि | १ | ४ |
| **कुल संख्या** | **२७** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यस तालिकाले देखाए अनुसार कुल ४२ जना महिला कानून व्यवसायीले प्रमाणपत्र प्राप्त गरेको भएता पनि जम्मा २७ जनाले कानून व्यवसाय सञ्चालन गर्न सकेको देखिन्छ । यस व्यवसायमा सबैभन्दा बढी काम गर्नेको संख्या ४४ प्रतिशतले १–५ वर्ष सम्म काम गरेको, २६ प्रतिशतले ६–१० वर्ष काम गरेको, १५ प्रतिशतले ११–१५ वर्ष, ११ प्रतिशतले १६–२० वर्ष र ४ प्रतिशतले २० वर्षभन्दा माथि काम गरेको देखिन्छ ।




**चित्र नं ४.५ हाल पेशामा आउने महिला कानून व्यवसायीहरुको क्रियाशील अवधि**

यसरी हेर्दा महिला कानून व्यवसायीहरुको संख्या बृद्धि हुने क्रम अत्यन्त राम्रो देखिएको छ । साथै विगत ५ वर्षमा यो क्रम झन तिव्र भएको पाईन्छ । हाल पेशामा नभएका महिला कानून व्यवसायीह्हरुको अध्ययन गर्दा समेत निजहरु मध्ये करिव ४७ प्रतिशत विगतमा यो पेशामा रहेको र विविध कारणले गर्दा यो पेशा छोडेकोहरु भेटीयो भने कतिपय महिला कानून व्यवसायीले अहिले बच्चा सानो भएको हुंदा पेशामा नआएको र पछि फेरि पेशामा आउने भनाइहरु राख्नु भएको थियो । साथै पेशामा नआएको महिला कानून व्यवसायीहरुमध्ये अधिकांश अन्य पेशामा रहेको समेत देखियो।

**तालिका नं ४.६ हाल पेशामा नआउनु भएको महिला कानून व्यवसायीहरुको क्रियाशील अवधि**

| पेशामा लागेको | संख्या | प्रतिशत |
|---|---|---|
| पहिला आएको | ७ | ४६.६ |
| कहिले पनि नआएको | ८ | ५३.३३ |
| **कुल संख्या** | **१५** | **१००** |

स्रोत :स्थलगत सर्वेक्षण,२०६५

हाल पेशामा नआएको महिला कानून व्यवसायीमध्ये ४७ प्रतिशत महिला कानून व्यवसायी पहीला यो पेशामा आएको र पछि यो पेशालाई छाडेको पाइन्छ ।

### ४.८ आम्दानीको अवस्था


कानून व्यवसाय सीप र दक्षतामा आधारित पेशा हो । जति-जति दक्षता प्राप्त हुंदै जान्छ त्यत्तिनै सेवाग्राहीवाट विश्वास प्राप्त हुन्छ । पुरुष प्रधान हाम्रो देशमा महिला कानून व्यवसायीको संख्या संख्यात्मक रुपमा थोरै छ, त्यसमा पनि यस पेशालाई निरन्तरता दिने आर्थिक अवस्थाले पनि चुनौती दिइराखेको हुन्छ । कतिपय महिला कानून व्यवसायीले न्यूनतम खर्च जुटाउनसमेत अप्ठेरो स्थिति महशुस गरी राखेको छ । तलको तालिकावाट महिला कानून व्यवसायीको बार्षिक आय झल्किन्छ ।

**तालिका नं ४.७ कानून व्यवसायमा लागेका महिला कानून व्यवसायीको आम्दानीको अवस्था**

| आय | संख्या | प्रतिशत |
|---|---|---|
| बार्षिक आय रु १ लाखभन्दा कम | ९ | ३३ |
| बार्षिक आय रु १ लाखसम्म | ५ | १९ |
| बार्षिक आय रु २ लाखसम्म | ७ | २६ |
| बार्षिक आय रु ४लाखसम्म | ३ | ११ |
| बार्षिक आय रु ४ लाखभन्दा बढी | ३ | ११ |
| कुल संख्या | २७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि दिइएको तथ्यांकवाट के ज्ञात हुन्छ भने कानून व्यवसायमा लाग्ने अधिकांश महिलाहरुको आर्थिक स्थिति सन्तोषजनक छैन । कानून व्यवसायमा लाग्ने करिब ३३  प्रतिशत महिला कानून व्यवसायीको बार्षिक आय १ लाख भन्दा कम छ भने बार्षिक आय रु ४ लाख भन्दा बढी बार्षिक आय हुने महिला कानून व्यवसायीको प्रतिशत ११ मात्र छ । बार्षिक आय रु ४ लाख भन्दा बढी हुने महिला कानून व्यवसायीको संख्या ११ प्रतिशत मात्र हुनुले के जनाउंछ भने यस क्षेत्रमा निरन्तर लागि रहने हो भने सेवाग्राहीबाट, गैरसरकारी संस्था आदिवाट विश्वास जित्न सकिन्छ । कानूनी पेशा चुनौतीपूर्ण भएतापनि महिला पनि पुरुष संग प्रतिस्पर्धा गर्न सक्दछ भन्ने कुरा यसवाट पनि ज्ञात हुन्छ । अर्कोतिर अधिकांश महिला कानून व्यवसायीको वार्षिक आय रु १ लाखभन्दा कम हुनुले यस पेशावाट मात्र जीवन यापन गर्न महिला कानून व्यवसायीलाई कठिनाई पर्ने तथ्य पनि झल्किन्छ ।




**चित्र नं ४.६ कानून व्यवसायमा लागेका महिलाको आम्दानीको वनावट**


**तालिका नं ४.८ कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरे पनि अन्य पेशामा संलग्न महिला कानून व्यवसायीको आम्दानीको अवस्था**

| आय | संख्या | प्रतिशत |
|---|---|---|
| बार्षिक आय रु १ लाखभन्दा कम | १ | १० |
| बार्षिक आय रु १ लाखसम्म | ० | ० |
| बार्षिक आय रु २ लाखसम्म | ६ | ६० |
| बार्षिक आय रु ४लाखसम्म | ३ | ३० |
| बार्षिक आय रु ४ लाखभन्दा बढी | ० | ० |
| **कुल संख्या** | **१०** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यस तालिकामा कानून व्यवसायीको प्रमाणपत्र लिएर पनि यसको अलावा अन्य पेशा अपनाएको देखिन्छ । यिनीहरुको बार्षिक आम्दानी हेर्दा ६० प्रतिशत महिलाको

वार्षिक २ लाखसम्म ,३० प्रतिशतको ४ लाखसम्म ,१० प्रतिशतको १ लाख भन्दा कम आम्दानी र १ लाख तथा ४ लाख आम्दानी हुने संख्या ० प्रतिशत रहेको छ ।




**चित्र नं ४.७ कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरे पनि अन्य पेशामा संलग्न महिलाको आम्दानीको वर्गीकरण**

**कानून व्यवसायीको प्रमाणपत्र प्राप्त गरे पनि कुनै पनि पेशामा संलग्न नभएका महिला**

हाल ५ जना महिला कानून व्यवसायी प्रमाणपत्र प्राप्त गरेर पनि कुनै पनि पेशामा संलग्न नभएको पाइएको छ ।

## अध्याय – पांच

# महिला कानून व्यवसायीको आफ्नो व्यवसायप्रतिको धारणा

### ५.१ उत्तरदाताहरुको आफ्नो व्यवसाय तथा पेशाप्रतिको धारणा

कानून व्यवसाय एक सम्मानजनक पेशा हो । यो पेशा सिप, दक्षता र लगनशीलतामा भर पर्ने पेशा हो । शुरुमा निकै मिहिनेत गर्दा पनि आर्थिक उपार्जन कम हुने र आफ्नो दैनिक खर्च जुटाउन पनि परिवारवाट खर्च जुटाउन पर्ने स्थिति हुन्छ । यस अवस्थामा सो पेशालाई निरन्तरता दिन कठिनाइ हुन्छ ।

अध्ययनको क्रममा के ज्ञात भयो भने झण्डै २ तिहाइ महिला कानून व्यवसायीले यो पेशावाट सन्तुष्टि प्रकट गरेका छन् भने १ तिहाइले यस पेशामा असन्तुष्टी प्रकट गरेका छन् । यसरी कानून व्यवसायमा संलग्न भएर पनि यो पेशा प्रति असन्तुष्ट हुनामा खासगरी बढी प्रतिस्पर्धात्मक हुनु र बढी मिहिनेत गर्नु पर्ने, आर्थिक दृष्टिले तुलनात्मक रुपमा कम आय हुनु, लैङ्गिक विभेदका कारण खुट्टा तान्ने प्रवृति हुनु आदि रहेको पाईएको छ । यसो भएता पनि यस पेशामा लामो समय निरन्तरता दिएका महिला कानून व्यवसायीहरुले सनतुष्टी व्यक्त गरेका छन् ।


**तालिका नं ५.१ व्यवसायप्रतिको धारणाको संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| कानून व्यवसायप्रति सन्तुष्ट | २४ | ५७.१४ |
| कानून व्यवसायप्रति असन्तुष्ट | १८ | ४२.८५ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकामा कुल उत्तरदाताहरुमध्ये ५७ प्रतिशत कानून व्यवसायप्रति सन्तुष्ट छन् भने ४३ प्रतिशतले असन्तुष्ट रहेको बताएका छन् । कानून व्यवसाय एक

न्यायको लडाइ भएको र एक विश्वासका साथै बढी जिम्मेवार हुन पर्ने भएकोले काममा बढी समय दिन नसक्ने हुनाले असन्तुष्ट भएको हुन सक्छ ।




**चित्र नं ५.१ महिला कानून व्यवसायीको व्यवसायप्रतिको धारणाको संरचना**

## ५.२ महिला कानून व्यवसायीप्रतिको धारणा

नारी र पुरुष एउटै सिक्काका २ पाटा हुन् र दुवैको समान स्थिति हुनुपर्छ भनिन्छ ।  संविधान, कानूनमा पनि महिला र पुरुषबीच कुनै भेदभाव गरिने छैन भनी समानताको व्यवस्था गरिएको छ र अन्तराष्ट्रिय मान्यता पनि त्यही रहेको छ । यसो भएता पनि समाजले हेर्ने धारणामा अझै पनि महिलालाई पुरुषसरह सक्षम भएको ठानिएको पाइदैन ।

यसै सम्बन्धमा महिला कानून व्यवसायीहरुलाई तपाइको अध्ययन र पेशालाई हेर्ने दृष्टिकोण कस्तो पाउनु भएको छ साथै निर्णय प्रकृयामा सहभागी हुने अवसर


पाउनु भएको छ कि छैन भनेर गरिएको प्रश्नमा अधिकांशले आफ्नो अध्ययन र पेशालाई सकारात्मक रुपमा हेर्ने गरेको साथै कानून पढेकै आधारमा उहांहरुलाई अरु परिवारका सदस्यहरुभन्दा अलि जान्ने बुझ्ने व्यक्तिको रुपमा हेर्ने गरेको र निर्णय प्रकृयामा पनि अधिकांशले भाग लिने गरेको राय व्यक्त गर्नु भएको थियो ।

**तालिका न. ५.२ महिला कानून व्यवसायीप्रतिको धारणा -उत्तरदाताहरुको अनुभवमा**

| अध्ययनलाई हेर्ने दृष्किोण | संख्या | प्रतिशत |
|---|---|---|
| सकारात्मक | ३८ | ९० |
| ठीकै | ४ | १० |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाले के विश्लेषण गर्दछ भने महिला कानून व्यवसायीलाई हेरिने दृष्टिकोण अधिकांश ९० प्रतिशतले सकारात्मक भएको वताउछन् भने १० प्रतिशतले मात्र ठीकै सोच्दछन् भनी बताएका छन् ।




**चित्र न. ५.२ महिला कानून व्यवसायीप्रतिको धारणा -उत्तरदाताहरुको अनुभवमा**

**५.३ अदालतको कर्मचारीको धारणा**


कानून व्यवसायीको सम्बन्ध अदालतसंग निकट हुन्छ । मुद्दा दर्ता गर्ने देखि लिएर मुद्दाको निर्णय हुंदा सम्म र फैसला कार्यान्वयणको प्रकृयामा कुनै न कुनै रुपमा कानून व्यवसायीको अदालतसंग सम्बन्ध हुन्छ । त्यसैले महिला कानून व्यवसायीको पनि स्वत सम्बन्ध अदालतसंग पनि हुने नै भयो तर अदालतमा जांदा कतिपय महिला कानून व्यवसायीहरुले अदालतमा सम्मानजनक वा उचित व्यवहार पाएका हुंदैनन् । महिला कानून व्यवसायीहरुलाई हेर्ने दृष्टिकोण कस्तो पाउनु भयो भन्ने प्रश्नमा महिला कानून व्यवसायीहरुको यस्तो राय आएको पाइन्छ ।

**तालिका नं ५.३ महिला कानून व्यवसायलाई अदालतका कर्मचारीले हेर्ने दृष्टिकोणको वनावट**

| अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने | १० | २४ |
| पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने | १६ | ३८ |
| होच्याउन खोज्ने | १६ | ३८ |
| विश्वासको कमी | ० | ० |
| **जम्मा** | **४२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अनुसन्धानको क्रममा उत्तर दिएका ३८ प्रतिशत महिला कानून व्यवसायीले आफूलाई अदालतमा कर्मचारीले होच्याउन खोजेको र ३८ प्रतिशत महिलाले पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुदैनन् भन्ने अनुभव गरेको छ भने ० प्रतिशत महिला कानून व्यवसायीहरुले विश्वासको कमी भएको अनुभूती व्यक्त गरेका छन् । २४ प्रतिशत मात्रले पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने धारणा व्यक्त गरेका छन् ।




**चित्र  नं ५.३ महिला कानून व्यवसायीलाई अदालतका कर्मचारीले हेर्ने दृष्टिकोणको वनावट**

## ५.४ अग्रज कानून व्यवसायीको धारणा


महिला कानून व्यवसायीहरु प्रति आफ्ना अग्रज कानून व्यवसायीको दृष्टिकोण कस्तो रहेको अनुभूती महिला कानून व्यवसायीहरुले गरेका छन् भन्ने सन्दर्भमा यस अनुसन्धानको क्रममा समेटिएको प्रश्नको जवाफमा यस्तो प्रकारको जवाफ आएको देखिन्छ ।

**तालिका नं ५.४ अग्रज कानून  व्यवसायीहरुले गर्ने व्यवहार को संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने | २६ | ६२ |
| पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुँदैनन् भन्ने ठान्ने | ० | ० |
| होच्याउन खोज्ने | ० | ० |
| विश्वासको कमी | १६ | ३८ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

उपरोक्त तथ्यांकवाट के स्पष्ट हुन्छ भने ६२ प्रतिशतले पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने धारणा व्यक्त गरेका छन् । ३८ प्रतिशत महिला कानून व्यवसायीहरुले विश्वासको कमी भएको अनुभूती व्यक्त गरेका छन् । कुनै पनि महिला कानून व्यवसायीले आफूलाई अग्रज कानून व्यवसायीहरुले होच्याउन खोजेको अनुभव नरहेको बताएका छन् ।




**चित्र नं ५.४ अग्रज कानून  व्यवसायीहरुले गर्ने व्यवहार को संरचना**


## ५.५ सेवाग्राहीको धारणा

कानून व्यवसायीको प्रत्यक्ष सम्बन्ध सेवाग्राहीसंग हुन्छ । यदि सेवाग्राहीले कुनै कानून व्यवसायी प्रति विश्वास गर्दैनन् वा सक्षम छन् भन्ने ठान्दैनन् भने त्यस्तो अवस्थामा कानून व्यवसायीले आफ्नो पेशालाई निरन्तरता दिन कठिनाई पर्छ । अनुसन्धानको क्रममा सेवाग्राहीवाट तपाइले कस्तो धारणा पाउनु भयो भनी  प्रश्न गर्दा महिला कानून व्यवसायीहरुले यस्तो महशुस गरेको पाइएको छ ।

**तालिका नं ५.५ उत्तरदाताहरुप्रति सेवाग्राहिको धारणाको वनावट**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने | १४ | ३३ |
| पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने | ६ | १४ |
| होच्याउन खोज्ने | ६ | १४ |
| विश्वासको कमी | १६ | ३९ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५




**चित्र नं ५.५ उत्तरदाताहरुप्रति सेवाग्राहिको धारणाको वनावट**

माथिको तालिकाले देखाइएका कुल ४२ जना उत्तरदाताहरु मध्ये ३३ प्रतिशतले पुरुष कानून व्यवसायी जस्तै सक्षम र कुशल भएको ठान्ने भेटिए भने १४ प्रतिशतले पुरष सरह सक्षम र कुशल हुदैनन् भन्ने भेटिए , १४ प्रतिशतले नै होच्याउने गर्दछन् भने । ३९ प्रतिशतले विश्वासको कमी रहेको वताएका थिए । अफ्रैसम्म पनि महिला

कानून व्यवसायीलाई कम विश्वास गर्ने परिपाटी रहिरहेको छ । एउटै योग्यता र क्षमतालाई पनि समाजले भिन्दै तवरले हेर्ने हाम्रो समाजको आखाँ दोषी छ ।

### ५.६ गैर सरकारी संघ संस्थाको धारणा


गैर सरकारी संस्थाले महिला कानून व्यवसायीलाई हेर्ने दृष्टिकोण तथा व्यवहार कस्तो छ भनी तलको तालिकामा दिइएको छ ।

**तालिका न. ५.६ उत्तरदाताहरु प्रति गैर सरकारी संस्थाहरुले हेर्ने दृष्टिकोणको संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने | १६ | ३८ |
| पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुँदैनन् भन्ने ठान्ने | ० | ० |
| होच्याउन खोज्ने | १० | २४ |
| विश्वासको कमी | १६ | ३८ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तालिकाले के विश्लेषण गर्दा , गैर सरकारी संघ संस्थाको धारणा अनुरुप पुरुष कानून  व्यवसायी सरह सक्षम भएको ठान्ने ३८ प्रतिशत,उनीहरुको अनुभवमा पुरुष कानून  व्यवसायी सरह सक्षम र कुशल हुदैनन भन्ने ० प्रतिशत, महिला कानून  व्यवसायीलाई होच्याउन खोज्ने भन्ने २४ प्रतिशत र विश्वासको कमी देखिन्छ भन्ने उत्तरदाता ३८ प्रतिशत देखिन्छ ।




**चित्र नं. ५.६ उत्तरदाताहरु प्रति गैर सरकारी संस्थाहरुले हेर्ने दृष्टिकोणको संरचना**

## ५.७ महिला कानून व्यवसायीहरुले आफनो व्यवसाय आफनै ल फर्ममा वा अन्य कानून व्यवसायीको कार्यालयमा काम गर्ने भन्ने जानकारी


कानून व्यवसाय सञ्चालन गर्न ल-फर्म वा कानून व्यवसायीको कार्यालयको आवश्यकता हुन्छ । ल फर्ममा एक वा एकभन्दा बढी कानून व्यवसायी हुन्छन् । अधिकांश ल फर्ममा वरिष्ठ कानून व्यवसायीको मातहतमा कनिष्ठ वा सेवा अनुभवको आधारमा कम अनुभवी कानून व्यवसायी रहेका छन् । यसरी ल फर्म आवश्यक भएता पनि आफूभन्दा बरिष्ठ कानून व्यवसायीको निर्देशनमा बसी काम गर्नु पर्ने हुन्छ । पोखरामा कतिपय महिला कानून व्यवसायीको आफ्नै ल फर्म छ भने कतिपय महीला कानून व्यवसायी आफूभन्दा बरिष्ठ कानून व्यवसायीको ल फर्ममा आवद्द छन ।

**तालिका न. ५.७ उत्तरदाताहरुको व्यवसाय संचालन भैरहेको कार्यालयको अवस्थिति**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| आफ्नै ल फर्म | १० | ३७ |
| बरिष्ठ कानून व्यवसायीको ल फर्म | १७ | ६३ |
| जम्मा | २७ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने करिब ३७ प्रतिशत महिला कानून व्यवसायीले आफै मातहतका ल फर्म संञ्चालन गरेका छन् यसवाट के ज्ञात हुन्छ भने लगनशीलता, क्षमता र इच्क्षाशक्ति भएमा महिलाले पनि पुरुष सरह आफ्नो पहिचान स्थापना गर्न सक्छन् । माथिको तथ्यांकवाट यो तथ्य पनि स्पष्ट हुन्छ कि अधिकांश ६३ प्रतिशत महिला कानून व्यवसायी आफूभन्दा वरिष्ठ कानून व्यवसायीकोमा सहयोगीको रुपमा आवद्द छन् ।




**चित्र न. ५.७ उत्तरदाताहरुको व्यवसाय संचालन भैरहेको कार्यालयको जानकारी**

## ५.८ निर्णय प्रकृयामा सहभागिता

पुरुष प्रधान हाम्रो समाजमा परिवार तथा समाजको निति निर्माण एंव निर्णय प्रकृयामा पुरुषको प्रभावकारी भूमिका देखिएको छ भने महिलाको भूमिका गौण देखिएको छ ।

**तालिका नं ५.८ निर्णय प्रकृयामा समावेश**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| भाग लिने गरेको | ३४ | ८१ |
| भाग गराईदैन | ८ | १९ |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

मथिको तालिकाले के देखाउछ भने ८१ प्रतिशत कानून व्यवसायमा लागेपछि निर्णयमा समावेश गराएको बताएका छन् भने १९ प्रतिशतले निर्णय प्रक्रियामा समावेश गराइदैन भनी बताएका छन् ।

## ५.९ कानून  व्यवसायमा लाग्नु भन्दा अगाडि उत्तरदाताहरुको जीवन स्तर


कानून व्यवसाय तथा अन्य पेशामा लाग्नुभन्दा अगाडि महिलाहरु के कस्तो अवस्थामा रहेका थिए भन्ने कुराहरुलाई तल तालिकामा देखाइएको छ ।

**तालिका नं ५.९ कानून  व्यवसायमा लाग्नुभन्दा अगाडि उत्तरदाताहरुको जीवन स्तर को संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| गृहिणीको रूपमा | १४ | ३३ |
| परिवारको सहयोगीको रूपमा | ११ | २६ |
| विद्यार्थीको रूपमा | ७ | १७ |
| पूर्णत बेरोजगार | १० | २४ |
| **जम्मा** | **४२** | **१००** |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

मथिको तालिकाको विश्लेषण गर्दा जागिर भन्दा अगाडि महिलाहरुको स्थिति केवल गृहिणीको रुपमा रहने कुल ३३ प्रतिशत, परिवारको सहयोगीको रुपमा २६ प्रतिशत , विद्यार्थिको रुपमा १७ प्रतिशत र पूर्णत वेराजगार रहेका २४ प्रतिशत उत्तरदाता रहेका छन् ।




**चित्र नं ५.८ कानून व्यवसायमा लाग्नुभन्दा अगाडि उत्तरदाताहरुको जीवन स्तर को संरचना**

### ५.१० महिलाहरु अन्य सामाजिक संघसंस्था समावेश भए नभएको जानकारी


यस अध्ययनले महिला कानून व्यवसायीहरुहरु कानून व्यवसायको अलावा अन्य अन्य सामाजिक काममा र संघ संस्थामा संलग्न छन् कि छैनन् भन्ने अध्ययन गरेको थियो । जस अनुसार निम्न अवस्था देखियो ।

**तालिका न.५.१० अन्य सामाजिक संघसंस्थामा समावेश भए नभएको अवस्थाको संरचना**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| सामाजिक संघसंस्थामा संलग्न भएको | २२ | ५२.३८ |
| कुनै पनि सामाजिक संघसंस्थामा संलग्न नभएको | २० | ४७.६ |
| **जम्मा** | **४२** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

मथिको तालिकाले के देखाउछ भने ५२ प्रतिशत महिला कानून व्यवसायीहरु अन्य सामाजिक संघसंस्थामा तथा सामाजिक काममा संलग्न देखिएको पाइन्छ भने ४८ प्रतिशत अन्य संघसंस्था तथा सामाजिक काममा नलागेको देखिन्छ ।




**चित्र न. ५.९ महिलाहरु अन्य सामाजिक संघ संस्थामा समावेश भए नभएको जानकारी**

## ५.११ कानून व्यवसायी तथा पेशामा संलग्न महिलाहरुले घरको कामलाई व्यवस्थित गर्न अपनाएका उपायहरु


पेशामा लागिसकेपछि महिलाले घरको कामलाई पनि व्यवस्थित गरी कार्यलयको कामलाई राम्रो बनाउनु पर्छ त्यसको वारेमा तल तालिकमा उल्लेख गरिएको छ ।

**तालिका नं ५.११: कानून व्यवसायी तथा अन्य पेशामा संलग्न महिलाहरुले घरको कामलाई व्यवस्थित गर्न अपनाएका कार्यहरु को वनावट**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| घरको काम आफै गरेर | १२ | २९ |
| कठिन काममा श्रीमान वा घरका अन्य सदस्यको सहयोगमा | १२ | २९ |
| घरको सम्पूर्ण काम परिवारका सदस्यहरुले वाँडफाड गरेर | १८ | ४२ |
| घरेलु कामदार राखेर | ० | ० |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण , २०६५

मथिको तालिका न. ले व्यवसाय वा पेशामा लागिसकेपछि महिलाले घरको कामलाई कसरी व्यवस्थित गर्दछन् भन्ने सवालमा १२ जना महिलाले घरको काम सम्पूर्ण आफैं सकेर अफिसको काम पनि सक्ने वताए ,१२ जनाले नै कठिन काममा श्रीमान् वा घरका अन्य सदस्यको सहयोगमा ,१८ जनाले घरको सम्पूर्ण काम परिवारका सदस्यहरुले वाँडफाड गरेर र घरेलु कामदार कुनै पनि उत्तरदाताहरुले नराखेको वताएका छन् ।




**चित्र नं ५.१० कानून व्यवसायी तथा अन्य पेशामा संलग्न महिलाहरुले घरको कामलाई व्यवस्थित गर्न अपनाएका कार्यहरुको वनावट**

## ५.१२ व्यवसायमा प्रवेशपछि महिलाहरुको जीवनस्तरमा आएका परिवर्तनहरु


महिलाहरु आफ्नो खुट्टामा उभिनु भनेको उनीहरु आर्थिक रुपमा केही मात्रामा भएपनि सबल हुनु हो । त्यसैले कानून व्यवसाय तथा अन्य पेशमा लागेर महिलाहरुले आफूमा आएको जीवनस्तरलाई तालिकामा देखाइएको छ ।

**तालिका न. ५.१२ पेशामा प्रवेशपछि महिलाको जीवन स्तरमा आएको परिवर्तनको ढाचाँ -** (वहु उत्तर)

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| काममा व्यस्त भएको | २२ | २१ |
| जिम्मेवारी बढेको | १६ | १६ |
| आत्मविश्वास र आत्मनिर्भरतामा बृदि | १४ | १४ |
| परिवार र समाजमा आफ्नो स्तरमा बृदि | १८ | १८ |
| आफ्नो क्षमता देखाउने अवसर प्राप्ति | २० | १९ |
| खासै परिवर्तन भएको छैन | १२ | १२ |

स्रोत : स्थलगत सर्वेक्षण , २०६५

माथिको तालिकामा वहुउत्तरदाताले दिएको तथ्याङलाई विश्लेषण गर्दा कानून व्यवसाय वा अन्य पेशाा प्रवेश पछि २१ प्रतिशतले उनीहरु काममा अति व्यस्त भएको ,१६ प्रतिशतले जिम्मेवारी बढेको ,१४ प्रतिशतले आत्मविश्वास र आत्मनिर्भरतामा बृदि भएको, १८ प्रतिशतले परिवार र समाजमा आफ्नो स्तरमा वृद्धि भएको , १९ प्रतिशतले आफ्नो क्षमता देखाउने अवसर प्राप्ति भएको र १२ प्रतिशतले खासै परिवर्तन नभएको वताएका छन् । यस तथ्याङ्कले विशेषत कुनै पनि पेशा वा जागिरमा समावेश भएपछि उनीहरुको जीवनस्तरमा परिवर्तन आएको र आफूमा कामको जिम्मेवारी तथा आत्मविश्वास वढेको वताउछन् ।




**चित्र न. ५.११ पेशामा प्रववेशपछि महिलाको जीवन स्तरमा आएको परिवर्तनको ढाचाँ - (वहु उत्तर)**

# अध्याय - छ

# पेशागत निस्कृयता

## ६.१ कानून व्यवसायलाई निरन्तरता दिन कठिनाइ


कतिपय महिला कानून व्यवसायीले कानून व्यवसायका लागि अनुमतिपत्र ( प्रमाणपत्र ) लिएर केही समय यो व्यवसाय गरेको भएता पनि  कतिपय कारणले यो पेशालाई निरन्तरता दिन  सकेका छैनन् । हाल पनि बार एशोसिएशनको सदस्यतालाई निरन्तरता दिइराखे पनि सो व्यवसायमा सकृय रुपमा लाग्न नसकेको पाइन्छ । कुन कारणले कानून व्यवसायलाई निरन्तरता दिन नसकेको भन्ने जिज्ञासाका सम्बन्धमा तलको तालिकाबाट यस अध्ययन बारे जानकारी हुन्छ ।

**तालिका नं ६.१ कानून व्यवसायलाई निरन्तरता दिन नसकेको कारणको वनावट**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| पारिवारिक कारणले | ४ | २६.६ |
| विवाहका कारणले | २ | १३.३ |
| अन्य पेशामा लागेको कारणले | ९ | ६० |
| अन्य | ० | ० |
| जम्मा | १५ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

उपरोक्त तथ्याङ्कवाट के स्पष्ट हुन्छ भने कानून व्यवसायलाई निरन्तरता दिन नसक्नुका कारणमध्ये ६० प्रतिशलले अन्य व्यवसायमा लागेको कारणले, १३ प्रतिशतले विवाह र २७ प्रतिशतले पारिवारिक कारणले आफूले कानून व्यवसायमा लाग्न नसकेको भनाइ राख्नु भयो । यसरी हेर्दा अधिकांशले अन्य व्यवसायमा लागेको कारण बताएको माथिको तथ्याङ्कवाट स्पष्ट हुन्छ ।




**चित्र नं ६.१ कानून व्यवसायलाई निरन्तरता दिन नसकेको कारण**

## ६.२ भविश्यमा कानून व्यवसायमा सकृय हुने वा नहुने संभावना

शुरुमा कानूनमा प्रवीणता तह, स्नातक तह र स्नाकोत्तर तह उतीर्ण गरेपछि कानून व्यवसायमा लाग्ने हौसलाका साथ यस पेशामा संलग्न हुन्छन् तर आजको प्रतिस्पर्धात्मक युगमा यो पेशा त्यति सहज नभएको र शुरुका दिनहरुमा बढी दौडधुप गर्नु पर्ने र आफ्नो दैनिक खर्च धान्न पनि घरपरिवारवाट पैसा माग्नुपर्ने अवस्था आएवाट यस पेशामा आकर्षण घट्दै गई अन्य पेशामा लागेको पाइन्छ । एकपटक यो पेशा छाडेर गइसकेपछि पुन निरन्तरता दिन कठिनाई परेको देखिएको छ । यस्तैगरी विवाहका कारणले पनि पति एक ठांउमा र पत्नी एक ठांउमा वस्न व्यवहारिक रुपमा कठिनाई हुने र कतिपय महिला व्यवसायीले पारिवारिक समस्या जस्तै वाल वच्चा हुर्काउन पर्ने, पारिवारिक जिम्मेवारी लिनु पर्ने आदि कारणले पनि सो पेशालाई निरन्तरता दिन नसकेको पाइएको छ । यी परिस्थितिका बावजुद पनि कतिपयले यस व्यवसायलाई निरन्तरता दिइराखेका छन् भने कतिपयले निरन्तरता दिन सकेका छैनन् ।


जसले यो व्यवसायलाई हाल सकृय रुपमा निरन्तरता दिन नसकेपनि भविश्यमा सकृय हुने संभावना छ वा छैनन् भन्ने सम्बन्धमा पनि यस अनुसन्धानकर्ताले जिज्ञासा राख्दा कतिपयले आशावादी भएको वताए भने कतिपयले संभावना नभएको बताए ।

**तालिका नं ६.२ भविश्यमा कानून व्यवसायमा सकृय हुने वा नहुने संभावनाको अवस्था**

| भविश्यमा कानून व्यवसायमा सकृय हुने संभावना | संख्या | प्रतिशत |
|---|---|---|
| धेरै संभावना | ३४ | ८०.९५ |
| थोरै संभावना | ८ | १९.० |
| संभावना छैन | ० | ० |
| जम्मा | ४२ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६५

माथिको तथ्याङ्कले के बताउछ भने करिव ८१ प्रतिशतले भविश्यमा यो पेशालाई निरन्तरता दिने वा पेशामा नभएकाहरुले पनि आउने संभावना छ भनेका छन् भने करिव १९ प्रतिशतले संभावना छैन भनेका छन् ।




**चित्र नं ६.२ भविश्यमा कानून व्यवसायमा सकृय हुने वा नहुने संभावना**

### ६.३ कानून व्यवसायलाई निरन्तरता दिन नसक्दाका प्रभावहरु


मानिसको जीवन तव सफल हुन्छ जब मानिस आत्म निर्भर बन्छ । यसैले आजको समयमा मानिसले एक न एक काम , पेशा, व्यवसाय , नोकरी गर्न सक्छ । कानून अध्ययन एक महत्वपूर्ण अध्ययन हो । यस पेशालाई अगाल्न सक्यो भने जीवन सफल भएको मान्न सकिन्छ। त्यसैले कानून व्यवसायलाई निरन्तरता नदिनाले परेका प्रभावलाई तल तालिकामा देखाइएको छ ।

**तालिका न. ६.३ कानून व्यवसायलाई निरन्तरता दिन नसक्दाका प्रभावहरु**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| परनिर्भरको अवस्था | १० | ६२ |
| आत्मग्लानी | ६ | ३८ |
| बल्ल पो थाहा लाग्यो | ० | ० |
| जम्मा | १६ | १०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

मथिको तालिकाले के देखाउछ भने अधिकाशं ६२ प्रतिशत महिलाले कानून पेशाको प्रमाणपत्र हुदाहुदैं पनि यस पेशामा नलागेकोले परनिर्भर रहनु परेको बताएका छन् भने ३८ प्रतिशत महिलाले अहिले आफूलाई आत्मग्लानी भएको बताएका छन् ।




**चित्र न. ६.३ कानून व्यवसायलाई निरन्तरता दिन नसक्दाका प्रभावहरु**

## ६.४ महिला कानून व्यवसायीहरुका समस्या

अध्ययनको क्रममा महिला कानून व्यवसायीहरुले आफू महिला भएकै कारणवाट समेत विभिन्न समस्या भोग्नु परेको तथ्य प्रकट गर्नु भएको थियो । कानून व्यवसाय एक प्रतिस्पर्धात्मक र बढी समय दिनु पर्ने पेशा भएकोमा महिला भएकै कारणले महिलाले घर परिवारको पनि जिम्मेवारी लिएकोले धेरै समय दिन गारो भएको साथै शुरुका दिनहरुमा आर्थिक रुपमा पनि आम्दानीको सुनिश्चितता नहुने हुनाले घर परिवार संग आर्थिक सहयोग लिई पेशामा आउन गारो भई अन्य पेशामा लाग्ने गरेको पाइयो । साथै हाम्रो सामाजिक दृष्टिकोण पनि महिला प्रति विभेदकारी भएको हुंदा महिला पनि कानून व्यवसायी हुन सक्छन् भन्ने कुरामा नै शङका गर्ने, अदालतका कर्मचारीहरु र पुरुष कानून व्यवसायीहरुले होच्याउन खोज्ने साथै कम विश्वास गर्ने गरेको धाराणा महिला कानून व्यवसायीहरुले व्यक्त गर्नु भयो ।

**व्यक्तिगत अध्ययन**

कास्की जिल्लामा कानून व्यवसाय गर्ने पहिलो महिला कानून व्यवसायीको रुपमा परिचित श्री सारङ्गा सुवेदीले २०३७ सालमा एस.एल.सी. पास गरी २०३८ सालमा आई.एल.मा भर्ना हुनु भयो त्यतिवेलाको हाम्रो सामाजिक संरचनामा महिलाहरुले कानून पढ्ने कुरालाई त्यति सकारात्मक रुपमा हेरिदैनथ्यो । कक्षामा उहां एकजनामात्र महिला छात्रा हुनुहुन्थ्यो । तर पनि उहांले कानूनको अध्ययन गर्नु भयो र २०३९ सालमा आई.एल र २०४६ सालमा बी.एल उतीर्ण गर्नु भयो । २०४५ सालमा उहांले अभिबक्ताको प्रमाणपत्रलिई त्यहिवेलादेखि निरन्तर रुपमा यो व्यवसायमा लागिरहनु भएको छ । उहांको बुवा श्री प्रेम बिजय कोइराला पनि कानून व्यवसायी भएको हुनाले उहांलाई यो पेशामा आउन केही सजिलो भयो । शुरुका दिनहरुमा महिला



पनि कानून व्यवसायी हुन्छन् भनेर सेवाग्राही, पुरुष कानून व्यवसायी र अदालत परिवारले समेत विश्वास नगर्ने गरेको अनुभव उहांसग छ । आर्थिक रुपमा पनि शुरुका दिनहरुमा अलि कठिनाई भएको हुनाले उहांले आंशिक रोजगारीको रुपमा विद्यालयमा पढाउने र कानून व्यवसायलाई पनि निरन्तरता दिनु भयो । एकातिर घर परिवारको जिम्मेवारी अर्कोतिर अत्यन्त चुनौतीपूर्ण यो व्यवसाय भए पनि उहां निरास नभई निरन्तर यो व्यवसायमा लागिरहनु भयो र आज कास्की जिल्लामा एक सफल कानून व्यवसायीको रुपमा परिचित हुनुहुन्छ, उहांको आर्थिक सामाजिक अवस्था पनि अत्यन्त सम्मानजनक हासील गर्न सफल हुनुका साथै पुनरावेदन अदालत बार एशोसिएशन पोखराको इतिहासमा नै पहिलो महिला अध्यक्षको रुपमा उहांले बारको नेतृत्व गरी रहनु भएको छ । (मिति २०६५।१२।९ गतेका दिन उहांसंग गरीएको कुराकानीमा आधारित )

## सरलाकुमारी पाण्डे

अधिवक्ता सरला कुमारी पाण्डेले २०४५ सालमा एस.एल.सी. पास गरी काठमाण्डौको ल क्याम्पसवाट २०४७ सालमा आई.एल र २०५० सालमा बी.एल पास गर्नु भएको हो । अध्ययनकै क्रममा पनि उहां विभिन्न किसिमको तालिमहरुमा भाग लिने गर्नु हुन्थ्यो । अध्ययन सकिएपछि २०५० सालदेखि नै उहां आफू भन्दा बरिष्ठ कानून व्यवसायीको ल फर्ममा बसेर कानून व्यवसाय गर्न थाल्नु भयो । शुरु-शुरुका



दिनहरुमा त्यति राम्रो आम्दानी नहुने र समय धेरै दिनु पर्ने जस्ता कारणले उहांले यो व्यवसाय छाडी २०५१ सालमा अदलतमा कर्मचारीको रुपमा काम गर्न थाल्नु भयो यसै वीचमा उहांको सन्तानहरु भए र उहां जागिर छाडी बच्चाहरुको पालन पोषणमा व्यस्त हुनुभयो । तर उहांमा आफु यत्तिकै घरमा बसेर मात्र हुंदैन मैले केही गर्नुपर्छ भन्ने धारणाले झक झकाइरहन्थ्यो साथै महिलाहरुको सशक्तीकरणको लागि आर्थिक सशक्तीकरण आवश्यक हुन्छ भन्ने मान्यता साथ उहां वुटवल घरवाट आफ्नो श्रीमान् संग पोखरा आई बस्न थाल्नु भयो र यहीं एक निजी कम्पनीमा जागिर खान थाल्नु भयो । तर त्यो कामले उहांलाई त्यति सन्तुष्टी दिन सकेन र भई रहेको जागिर छोडेर २०६० साल देखी उहांले फेरी कानून व्यवसायलाई निरन्तरता दिन शुरु गर्नु भयो । शुरुका दिनहरुमा यो पेशामा स्थापित हुनलाई उहांलाई अत्यन्त गाह्रो भयो भने आर्थिक हिसाबले पनि त्यत्ति धेरै आम्दानी हुंदैनथ्यो तर पनि उहांले धैर्यताका साथ यो पेशा गरि रहनु भयो । आज उहां एडभोकेसी फोरम भन्ने संस्थामा कानून अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ । साथै वाल तथा महिला सशक्तीकरण समाज नेपाल नामक एक गैर सरकारी संस्थाको अध्यक्षसमेत हुनुहुन्छ । आर्थिक र सामाजिक रुपमा आज उहां सक्षम

सम्मानित जीवन यापन गरि रहनु भएको छ । (मिति २०६५।१२।११ गतेका दिन उहांसंग गरिएको कुराकानीमा आधारित )

**व्यक्तिगत अध्ययनको निचोड :**

उल्लेखीत व्यक्तिगत अध्ययनहरुवाट के प्रष्ट हुन्छ भने महिला कानून व्यवसायीहरुलाई हेर्ने दृष्टिकोण शुरुका दिनहरुमा त्यत्ति सकारात्मक नभए पनि यही पेशामा प्रतिवद्द भएर मेहनतका साथ यो पेशामा लाग्नु भएका महिला कानून व्यवसायीहरुले परिवार र समाजमा मान प्रतिष्ठा प्राप्त गर्नुका साथै आर्थिक रुपमा पनि सवल हुन सक्छन् ।

## अध्याय - सात

# अध्ययनको निचोड र सुझाव

### ७.१ अध्ययनको निचोड

नेपालको जनसंख्यामा आधाभन्दा बढी संख्या महिलाको छ । तर यसो भएता पनि पुरुष प्रधान समाज भएको र यहांको धर्म, संस्कृति, सोचाइ, रिति स्थिति आदिका कारण पुरुष अग्र स्थानमा रहनु पर्ने सोचाईले गर्दा हालसम्म पनि महिलाले समान अवसर, हक र अधिकार पाउन सकिरहेका छैनन् । समाजमा महिलालाई हेर्ने विभेदकारी दृष्टिकोण मेटिन सकेको छैन ।

नागरिकको हक अधिकार स्थापित गर्ने राज्यका संयन्त्रहरुमा पुरुषको वाहुल्यता हुने हुंदा महिलाको हक अधिकारका सम्बन्धमा निकै कम चासो राखिने गरेकोमा देशमा भएको राजनैतिक परिवर्तनका साथै जनचेतनामा आएको अभिवृद्धिले गर्दा यस दिशातर्फ सुधार हुँदै आएको देखिएको छ ।

महिलाले अवसर पाएमा समाजका हरेक क्षेत्रमा योगदान पुऱ्याउन सक्छन् । हाल राजनैतिक, आर्थिक, स्वास्थ्य, प्राविधिक तथा कानूनी क्षेत्रमा समेत महिलाको उपस्थिति बढ्दै गएको छ ।

यस अध्ययनको क्रममा पुनरावेदन अदालत बार एशोसिएशन, पोखरामा आवद्द भई पोखरामा कार्यरत महिला कानून व्यवसायीको सामाजिक स्थितिको सम्बन्धमा शोध गरिएको थियो । पश्चिमान्चल क्षेत्रको केन्द्रको रुपमा रहेको कास्की जिल्लाको सदर मुकाम पोखरा चेतनाको दृष्टिले पनि पछाडि छैनन् । अन्य क्षेत्रमा जस्तै महिलाहरु कानूनी क्षेत्रमा पनि समावेश छन् ।
पोखरामा कार्यरत महिला कानून व्यवसायीको अध्ययन गर्दा यस क्षेत्रमा २०४५ साल देखि महिला कानून व्यवसायीको संलग्न रहेको पाइएको छ । २०५० साल सम्ममा

पेशामा आउने महिला कानून व्यवसायीहरु ४–५ जना रहेकोमा हाल आएर यो संख्या बढेर २०६५ सालमा  ४२ जना पुगेका पाइएको छ । यसवाट अन्य क्षेत्रमा जस्तै कानूनी क्षेत्रमा पनि महिलाको उल्लेख्य बृद्धि भएको पाइएको छ । यसरी महिला कानून व्यवसायीको बृद्धि हुनुमा यस क्षेत्रमा महिलाको अभिरुचि बढ्नु पनि हो भने कानून व्यवसायीलाई हाम्रो समाजमा एक बिद्धत वर्गको रुपमा हेर्नु र मान सम्मान दिनु साथै घर परिवारमा पनि कानून पढेको व्यक्तिलाई अरु भन्दा केहि जान्ने बुझ्ने व्यक्तिको रुपमा हेरी महत्व दिने र निर्णायक प्रकृयामा समेत भाग लिन पाउने अवस्थाहरुले गर्दा पनि हो ।

कानून व्यवसाय आफैमा एक कठोर र चुनौतीपूर्ण व्यवसाय हो । अरु पेशामा जस्तै यो पेशामा पनि पुरुषहरुको नै बाहुल्यता रहेको छ । यस पेशामा लगनशिलता, दक्षता र धैर्यताको आवश्यकता पर्दछ । यस पेशामा स्थापित हुन धेरै समय लाग्ने र शुरुका केही वर्षहरुमा आफ्नो अत्यावश्यक खर्च जुटाउन पनि गाह्रो हुने हुंदा कतिपय महिला कानून व्यवसायीले यसलाई निरन्तरता दिन नसकेको पाईएको छ । यसरी निरन्तरता दिन नसक्नुमा पारीवारीक, विवाह वा अन्य पेशामा लागेकाले पाईएको छ । यसरी कानूनी क्षेत्रमा केही समय संलग्न रहेर पनि निरन्तरता दिन नसक्ने महिला कानून व्यवसायीको संख्या उल्लेख्य भएको हुनाले महिलाले यस क्षेत्रमा पनि समस्या भोग्नु परेको तथ्य देखिएको छ ।

महिला कानून व्यवसायीले आफ्नो क्षेत्रमा लाग्दा समाजका बिभिन्न क्षेत्रसंग व्यवहार गर्नु पर्ने देखिन्छ । सेवाग्राही, पुरुष कानून व्यवसायी तथा अदालतका कर्मचारीहरुसंग कानून व्यवसायीको कामको सिलसिलामा बढी सम्बन्ध हुने गर्दछ । यसरी कामको सिलसिलामा सर्म्पक राख्दा अझै पनि सेवाग्राहीवाट महिला कानून व्यवसायी पनि पुरुष कानून व्यवसायी जत्तिकै सक्षम र दक्ष हुन्छन् भन्ने विश्वास कम भएको तथ्य फेला परेको छ भने अदालतका कर्मचारी र पुरुष कानून व्यवसायीवाट समेत अझै पनि महिला कानून व्यवसायीलाई होच्याउन खोज्ने वा उनीहरु प्रति विश्वासको कमी भएको तथ्यसमेत देखिएको छ ।

कानून व्यवसायवाट अधिकांश महिला कानून व्यवासायीहरु आर्थिक रुपमा सक्षम हुन सकेका छैनन् । यस पेशावाट आर्जित आयवाट परिवार धान्नसमेत धेरैलाई अप्ठेरो परेको छ । यसो भएता पनि धैर्यतापूर्वक लामो समयसम्म पेशामा आवद्द कतिपय महिला कानून व्यवसायीले आफ्नो क्षेत्रमा स्थापित हुन पुगेका छन् र आर्थिक रुपमा समेत सवल देखिएका छन् ।

## ७.२ अध्ययनवाट पत्ता लागेका महत्वपूर्ण तथ्यहरु

१) जातीगत रुपमा हेर्दा अत्यधिक ६४ प्रतिशत महिला कानून व्यवसायीहरु बाहुन क्षेत्री जातका छन् भने त्यसपछि मात्र जनजाती पर्दछन् । कास्की जिल्लामा दलित जातिका महिला कानून व्यवसायी १ जना पनि रहेको पाइएन ।

२) सवै भन्दा धेरै ४२ प्रतिशत उत्तरदाताहरु ३१-३५ वर्ष उमेर समूहका रहेको पाइएको छ । यो उमेर समूहनै आर्थिक रुपले सक्रिय उमेर समूह हो ।

३) महिला कानून व्यवसायीहरु मध्ये करिव १७ प्रतिशतले प्रविणता प्रमाण पत्र तह, ५९ प्रतिशतले स्नातक तह र करिव २४ प्रतिशतले स्नाकोत्तर तह उर्तीण गरेका छन् । यसको महत्वपूर्ण पाटो भनेको नै योग्यता र अनुभव नै हो अन्यथा विश्वसनिय नहुन सक्छ ।

४) महिला कानून व्यवसायी मध्ये ८६ प्रतिशत विवाहित रहेका छन् भने १४ प्रतिशत अविवाहित ।

५) सेवाको अनुभवको आधारमा अध्ययन गर्दा १-५ वर्ष सम्म काम गरिरहेका महिला कानून व्यवसायीको संख्या ४४ प्रतिशत देखिन्छ ।

६) कानून व्यवसायमा लाग्ने करिब ३३ प्रतिशत महिला कानून व्यवसायीको बार्षिक आय १ लाखभन्दा कम छ । बार्षिक आय रु ४ लाख भन्दा बढी हुने महिला कानून व्यवसायीको प्रतिशत ११ प्रतिशत रहेको छ । यसले के जनाउंछ भने यस क्षेत्रमा निरन्तर लागी रहने हो भने सेवाग्राहीबाट, गैर सरकारी संस्था आदिवाट विश्वास जित्न सकिन्छ । कानूनी पेशा चुनौतीपूर्ण

भएतापनि महिलाले पनि पुरुष संग प्रतिस्पर्धा गर्न सक्छन् भन्ने कुरा पनि यसवाट ज्ञात हुन्छ । अर्कोतिर अधिकांश महिला कानून व्यवसायीको वार्षिक आय रु १ लाख भन्दा कम हुनुले यस पेशावाट मात्र जीवन यापन गर्न महिला कानून व्यवसायीलाई कठिनाई पर्ने तथ्य पनि झल्किन्छ ।

७) अधिकांश ९० प्रतिशत उत्तरदाताहरुले आफ्नो अध्ययन र पेशालाई सकारात्मक रुपमा हेर्ने गरेको साथै कानून पढेकै आधारमा उहांहरुलाई अरु परिवारका सदस्यहरु भन्दा अलि जान्ने बुझ्ने व्यक्तिको रुपमा हेर्ने गरेको र निर्णय प्रकृयामा पनि अधिकांशले भाग लिने गरेको राय व्यक्त गरेका थिए ।

८) अत्यधिक उत्तरदाताहरु ५७ प्रतिशत कानून व्यवसाय प्रति सन्तुष्ट छन् भने ४३ प्रतिशतले असन्तुष्ट रहेको बताएका छन् ।

९) २४ प्रतिशत उत्तरदाताहरुले अदालतका कर्मचारीहरुले महिला कानून व्यवसायीलाई पुरुष कानून व्यवसायी सरह सक्षम छन् भन्ने धारणा राख्ने गरेको बताएका छन् । अन्यले होच्याउने तथा पुरुष सरह सक्षम र कुशल छैनन भन्ने धारणा राख्छन् भनी वताएका छन् ।

१०) अग्रज कानून व्यवसायीहरुको धारणा सम्बन्धमा ३८ प्रतिशत महिला कानून व्यवसायीहरुले विश्वासको कमी भएको अनुभूति व्यक्त गरेका छन् भने ६२ प्रतिशतले पुरुष कानून व्यवसायीसरह सक्षम भएको ठान्ने धारणा व्यक्त गरेका छन् ।

११) सेवाग्राहीहरुको सम्बन्धमा ३३ प्रतिशतले पुरुष कानून व्यवसायी जस्तै सक्षम र कुशल भएको ठान्ने भेटिए भने १४ प्रतिशतले पुरष सरह सक्षम र कुशल हुदैनन् भन्ने भेटिए, १४ प्रतिशतले नै होच्याउने गर्दछन् भने यसैगरी ३९ प्रतिशतले विश्वासको कमी रहेको वताएका थिए ।

१२) गैर सरकारी संघ संस्थाको धारणा अनुरुप महिला कानून व्यवसायीलाई पुरुष कानून व्यवसायीसरह सक्षम भएको ठान्ने ३८ प्रतिशत रहेका छन् ।

१३) ३७ प्रतिशत महिला कानून व्यवसायीले आफ्नै मातहतका ल फर्म संचालन गरेका छन् । यसवाट के ज्ञात हुन्छ भने लगनशिलता, क्षमता र इच्छाशक्ति भएमा महिलाले पनि पुरुष सरह आफ्नो पहिचान स्थापना गर्न सक्छन् । माथिको तथ्यांकवाट यो तथ्य पनि स्पष्ट हुन्छ कि अधिकांश ६३ प्रतिशत महिला कानून व्यवसायी आफूभन्दा वरिष्ठ कानून व्यवसायीकोमा सहयोगीको रुपमा आवद्द छन् ।

१४) कानून व्यवसायमा लाग्नु भन्दा अगाडि उत्तरदाताहरुको जीवन स्तरको कुरा गर्दा जागिर प्रवेश भन्दा अगाडि महिलाहरुको स्थिति केवल गृहिणीको रुपमा रहने कुल ३३ प्रतिशत, परिवारको सहयोगीको रुपमा २६ प्रतिशत, विद्यार्थिको रुपमा १७ प्रतिशत र पूर्णत वेराजगार रहेका २४ प्रतिशत उत्तरदाता रहेका छन् ।

१५) उच्च दरमा ५२ प्रतिशत महिला कानून व्यवसायी अन्य संघ संस्था तथा सामाजिक काममा लागेको देखिन्छ । ४८ प्रतिशत महिला कानून व्यवसायीहरु अन्य सामाजिक संघ संस्थामा तथा सामाजिक काममा संलग्न रहेको पाईन्छ ।

१६) घरको कामलाई कसरी व्यवस्थित गर्दछन् भन्ने सवालमा २९ प्रतिशतले घरको काम सम्पूर्ण आफैं सकेर अफिसको काम पनि सक्ने वताए, २९ प्रतिशतले नै कठिन काममा श्रीमान वा घरका अन्य सदस्यको सहयोगमा, ४२ प्रतिशतले घरको सम्पूर्ण काम परिवारका सदस्यहरुले वाँडफाड गरेर गर्ने बताएका छन् भने घरेलु कामदार कुनै पनि उत्तरदाताहरुले नराखेको वताएका छन् ।

१७) कानून व्यवसाय वा अन्य पेशाा प्रवेश पछि २१ प्रतिशतले उनीहरु काममा अति व्यस्त भएको ,१६ प्रतिशतले जिम्मेवारी बढेको ,१४ प्रतिशतले आत्मविश्वास र आत्मनिर्भरतामा बृदि भएको,१८ प्रतिशतले परिवार र समाजमा आफ्नो स्तरमा वृदि भएको , १९ प्रतिशतले आफ्नो क्षमता देखाउने अवसर प्राप्ति भएको र १२ प्रतिशतले खासै परिवर्तन नभएको वताएका छन् । यस तथ्याङले विशेषत कुनै पनि पेशा वा जागिरमा समावेश भएपछि उनीहरुको जीवन स्तरमा परिवर्तन आएको र आफुमा कामको जिम्मेवारी तथा आत्मविश्वास वढेको वताउछन् ।

१८) कानून व्यवसायलाई निरन्तरता दिन नसक्नुका कारणमध्ये ६० प्रतिशलले अन्य व्यवसायमा लागेको कारणले १३ प्रतिशतले विवाह र २७ प्रतिशतले पारीवारीक कारणले बताएका छन् ।

१९) कानून व्यवसायमा अनुभवी पुरुष कानून व्यवसायीहरु, नेपाल बार एशोसिएशनका पदाधिकारीहरु तथा उच्च तहका न्यायधीशहरुलाई समूहमा राखेर छलफल गर्दा सवैजनाले कानून विषय अध्ययन गर्ने महिलाहरुको संख्या नै न्युन रहेको छ । साथै महिलाहरुलाई कानून व्यवसायमा संलग्न गराउनको लागि प्रमाण पत्र प्राप्त गरिसकेको तर कानून व्यवसाय नअगालेको महिलालाई यस पेशा अगाल्नको लागि उत्प्रेरणा गराउन क्षमता विकास, नेतृत्वशिप विकास गर्ने विभिन्न किसिमका कार्यक्रमहरु ल्याइनु पर्छ भन्ने पुरुष कानून व्यवसायी अत्यधिक ९० प्रतिशत रहेको पाइन्छ ।

२०) ८१ प्रतिशतले भविश्यमा यो पेशालाई निरन्तरता दिने वा पेशामा नभएकाहरुले पनि आउने संभावना छ भनेका छन् भने करिव १९ प्रतिशतले संभावना छैन भनेका छन् ।

## ७.३ सुझाव

न्यायिक क्षेत्रमा महिलाको संख्यामा उल्लेख्य रुपमा बृद्धि गर्नको लागि सर्वप्रथम त कानूनको अध्ययनमा नै महिलाहरुको संख्या बृद्धि गर्न पर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर यस क्षेत्रमा लागेका महिलालाई प्रोत्साहन दिन जरुरी छ । कानूनी क्षेत्रमा महिलाको संख्यामा सहभागिता बढाउन र उनीहरुको विकास गर्न बिभिन्न महिला कानून व्यवसायीहरुको क्षमता अभिर्वद्धि गर्ने साथै पेशागत सीप सम्बन्धी विभिन्न तालिमहरुमा सहभागि गराईनु पर्ने हुन्छ । यस सम्बन्धमा निम्न लिखित सुझाव प्रस्तुत गरिएको छ ।

१) नेपाली समाजमा बिद्यमान पितृसत्तात्मक सोचमा परिवर्तन गरिनु पर्छ ।

२) महिला कानून व्यवसायीहरु आफै पनि पेशामा समर्पित भएर, गहन अध्ययन गरी यो पेशामा लाग्न आबश्यक छ ।

३) महिला कानून व्यवसायीलाई एकातिर प्रोत्साहनको आवश्यकता छ भने अर्कोतिर उनीहरुमा आत्मविश्वासको समेत जरुरी छ ।

४) महिलाहरुलाई कुनै पनि पेशामा स्थापित हुन घर, परिवारको सहयोग अत्यन्त आवश्यक छ । परिवारवाट सकारात्मक सहयोग बिना महिला कानून व्यवसायीहरु पेशामा स्थापित हुन अप्ठेरो छ । अतः परिवारको सकारात्मक सहयोगको आवश्यकता ।

५) कानून व्यवसाय दक्षतामा भर पर्ने हुनाले नेपाल बार एशोसिएशनले समय समयमा दक्षता अभिबृद्धि तालिमको आयोजना गरी महिला कानून व्यवसायीलाई प्रदान गरिनु पर्छ ।

६) महिला कानून  व्यवसायीहरु प्रति हेरिने दृष्टिकोणमा परिवर्तन हुन आवश्यक छ । पुरुष जतिकै महिला पनि सक्षम हुन्छन् भन्ने सोचाइ आउन जरुरी छ ।

७) न्याय सेवाका प्रत्येक क्षेत्रमा महिलाको समानुपातिक सहभागिता गराउनु आवश्यक छ ।

८) कानूनको अध्ययनमा महिलाहरुलाई प्रोत्साहन गरिनु पर्छ ।

# सन्दर्भ ग्रन्थहरु


अर्याल, भोजेन्द्र (वि.स.२०६२) - *"लैङ्गिक अध्ययन"* दीक्षान्त पुस्तक प्रकाशन, किर्तिपुर, काठमाण्डौ ।

आइन्स्टाइन, जेड (सन् १९९४) - दि कलर अफ जेण्डर रि इमोजिङ्ग डेमोक्रेसी, वार्कले प्रकाशक यूनिभर्सिटी अफ क्यालिफोर्निया प्रेस

आचार्य बलराम (२०६१) – " *लैङ्गिक अध्ययन* " नेशनल बुक सेन्टर

आचार्य, बलराम (२०५९) - " *सामाजिक बिश्लेषणको सैद्धान्तिक ढांचा* " प्रकाशक दुर्गा आर्चाय, पोखरा

उप्रेति, लय प्रसाद(१९८८) - विमन एण्ड केडित इन नेपाल : केहि उपलब्धी तथा सीमाहरुको अवलोकन ,महिला र विकास केन्द्र काठमाडौं

ओलेनवर्गर , सी.जाने र मोरे,ए हिलेन ( सन् १९९२) - "अ *सोसोलोजी अफ विमन* "

सार्वमन एण्ड स्चुस्टर कम्पनी, निउ जर्सी

काफ्ले, अजिता(२०६३) – *"न्याय क्षेत्रमा महिलाको लागि हांक र अवसर एक अध्ययन"* कानून पत्रिका, पृष्ठ ९ –१२, कानून व्यवसायी क्लब काठमाण्डौ

कानूनी चिन्तन : *प्रकाशक पुनरावेदन अदालत बार एशोसिएशन, पोखरा, २०५८*

के.सी, रुकु थापा (२०६३)– *"वर्तमान सन्दर्भमा महिला कानून व्यवसायीका समस्याहरु* " कानून पत्रिका ,पृष्ठ १६, कानून व्यवसायी क्लब काठमाण्डौ

कोइराला, उषा (सन् १९९७) - *स्टडी अन स्ट्याटस अफ वर्किङ्ग वुमन अफ विराटनगर सव मेट्रो पोलिस* : अप्रकाशित शोधपत्र एम.ए., समाजशास्त्र तथा मानवशास्त्र विभाग, टी. यु. कीर्तिपुर नेपाल

कोईराला, रोसनी (सन् २००५) - *वर्क लोड स्टडी अफ इम्प्लोइड वुमन विडिन पोखरा सव मेट्रो पोलिस* : अप्रकाशित शोधपत्र एम.ए., पोखरा बिश्वविद्यालय जनसंङ्ख्या, जेन्डर र विकास विभागमा पेश गरिएको, पोखरा नेपाल

गुरुङ्ग, सन्तोष कुमार (सन् २००७)- *सोसीओ ईकोनोमिक स्ट्याटस अफ वुमन फार्मर ( अ सोसीओलोजिक स्टडी अफ भदौरे तामागी भी.डी.सी., कास्की )* : अप्रकाशित

शोधपत्र एम.ए., पृथ्वीनाराण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा नेपाल

चापागाई, अनिता सापकोटा (२०६१) – *"लैङ्गिक समानता र न्यायमा महिलाको पहुंच"* महिला कानून व्यवसायीहरुको राष्ट्रिय सम्मेलनमा पेश गरिएको कार्यपत्र

चौलागाई तिलकप्रसाद, नानिराम पोखरेल, केशवाराज सापकोटा – *"लैङ्गिक अध्ययन"* न्यू हिरा बुक्स इन्टरप्राइजेज

*जनसांखिकीय बर्ष पुस्तक – २०५८*

टंग, आर. पि (सन् १९८८) -*"ए मोर कँम्प्रिहेन्सीभइन्ट्रोडक्सन वाउल्डर, कोलोराडो,"* वेस्ट न्यू प्रेस

ढकाल मिरा, (सन् २००७)- *एजुकेटेड वुमन इन गभरमेन्ट इम्प्लोईमेन्ट ( अ केस स्टडी अफ पोखरा सब मेट्रो पोलिस एण्ड कास्की डीस्ट्रीक्ट डेभलपमेन्ट कमिटी अफिस )* अप्रकाशित शोधपत्र एम.ए., पृथ्वीनाराण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरीएको, पोखरा नेपाल

पिया, रसीया, (२०६४)- *सोसीओ ईकोनोमिक स्ट्याटस अफ एजुकेटेड इम्प्लोईड वुमन इन बन्दिपुर भिलेज डेभलपमेन्ट कमिटी, तनहुँ* : अप्रकाशित शोधपत्र एम.ए., पृथ्वीनाराण क्याम्पस समाजशास्त्र मानवशास्त्र विभागमा पेश गरिएको, पोखरा नेपाल

पृथ्वी नारायण क्याम्पसको अभिलेख अनुसार (२०६५)

व्यारेट, एम (सन् १९८५) - *"इन्ट्रोडक्सन इन एंगेल्स, ओरिजन अफ द फेमिली, प्राइभेट प्रोपटी एण्ड द स्टेट"* न्यूयोर्क

भसीन कमला – " *पितृसत्ता के हो ?* " स्त्री शक्ति

महिला कानून बुलेटीन (२०६१)- सर्वोच्च अदालत बार एशोसिएशन, महिला शाखा *नेपाल बार एशोसिएशन पुनरावेदन अदालत बार, एकाइको अभिलेख*

मिलेट, के (सन् १९७०) - *"सेक्स्युल पोलिटिक्स"* गार्डेन सिटी न्यूर्योक

रेग्मी, रेखा कुसुम (२०६४) – *"महिलाको ल फर्म किन तलै "* कान्तिपुर २०६४।११।१७ मा प्रकाशित लेख

लुइटेल, डा.समिरा(सन् २००८) -*“लैङ्गिक अध्ययन”* एकेडमिक बुक सेन्टर, कीर्तिपुर

वस्ती, प्रकाश (२०५६)– *“नेपाल बार एशोसिएशन : थालनीदेखि चौथो बिसौनीसम्म ”* कानून पत्रिका  पृष्ठ १३ –३०, कानून व्यवसायी क्लब काठमाण्डौ

सोसोलोजी अफ ल, विकिपेडिया (२००८) – *http:\\en.wikipedia.org\Sociology of law*

संग्रौला, युवराज २०५० – *“कानूनशास्त्र तथा कानूनका सिद्धान्त ”* पैरवी प्रकाशन

श्रेष्ठ निरु, सुधा खतिवडा (०६२)– *“कानून व्यवसायमा महिला र बारको भूमिका”* न्यायदूत (अंक ५ पृष्ठ २०८, २०९, मंसीर पुस, २०६२) नेपाल बार एशोसिएशन

ज्ञवाली, चन्द्रकान्त – *“कानूनको समाजशास्त्र र नेपालमा सामाजिक सरोकारको विषय”* न्यायदूत,  पृष्ठ ६३, सम्मेलन बिशेषाङ्क, नेपाल बार एशोसिएशन

# अनुसूची १

**ने.वा.ए. पु.वे.अ. बार पोखरामा आवद्ध महिला कानून व्यवसायीहरुको सुचि**

१. शान्ति सिंह थापा

२. अनिता गुरुङ्ग

३. सन्ध्या बाबा पौडेल

४. सन्दे लक्ष्मी हाडा

५. घराना थकाली

६. सारङ्गा सुवेदी

७. सविता ढुङ्गाना

८. बिनु महत

९. भगवती पहारी

१०. कल्पना श्रेष्ठ

११. शोभादेवी पौडेल (पराजुली)

१२. संगिता कुमारी रेग्मी पौडेल

१३. शकुन्तला घिमिरे

१४. मीना कुमारी रानाभाट

१५. डिलमाया भुजेल

१६. शान्ति भुषाल

१७. शान्ति शेरचन

१८. राममाया लामिछाने

१९. कृष्णमाया भुजेल

२०. कल्पिता मर्सानी

२१. मीना कुंवर

२२. गीता पौडेल

२३. भगवती तिमिल्सिना

२४. अस्मिता श्रेष्ठ

२५.प्रभा बराल कंडेल

२६. जुना गुरुङ्ग

२७. पिमला अधिकारी पौडेल

२८. इन्द्रकुमारी पुन

२९. भुवन पराजुली (काफ्ले)

३०. सरलाकुमारी पाण्डे

३१. विजयाकुमारी आचार्य

३२. दीपा कोईराला

३३. कृष्णकुमारी गुरुङ्ग

३४. इन्द्रकुमारी शर्मा

३५. नरकुमारी गुरुङ्ग

३६. लक्ष्मीदेवी श्रेष्ठ

३७. माधवी पाण्डेय

३८. उषा बरुवाल

३९. कल्पना भण्डारी

४०. गीता आचार्य

४१. सरिता थापा

४२. शुभा खनाल

# अनुसूची २

**महिला कानून व्यवसायीहरुको सामाजिक अवस्था**

कास्की जिल्लाको एक समाजशास्त्रीय अध्ययन

(महिला कानून व्यवसायीहरुकोलागि तयार गरिएको प्रश्नावली अनुसूची )

१) नाम, थर : ...............................................................

२) ठेगाना : ........................................................................

३) वैवाहिक स्थिति : ........................................................

४) श्रीमानको पेशा : ...................................................

५) उमेर समुह : .................................................

क) २५ देखि ३० बर्ष

ख) ३१ देखि ३५ बर्ष

ग) ३६ देखि ४० बर्ष

घ) ४० बर्षभन्दा माथि

६) शैक्षिक योग्यता :

७) पेशा :

८) तपाइको घरको आर्थिक अवस्था कस्तो छ ?

क) अत्यन्त राम्रो ख) राम्रो ग) ठिकै घ) कमजोर

९) कानून व्यवसायीको प्रमाणपत्र लिएको साल र तह

१०) कानून व्यवसाय शुरु गरेको साल :

११) बारमा सदस्यता लिएको साल :

१२) के तपाईले कानून व्यवसायीको प्रमाणपत्र लिई बारको सदस्यता लिएपछि कानून व्यवसायलाई निरन्तरता दिइ राख्नु भएको छ ?

१३) यदि तपाइले कानून व्यवसायलाई निरन्तरता दिन सक्नु भएको छैन भने सो को कारण ?

- पारिवारिक कारणले
- विवाहको कारणले
- अन्य पेशामा लागेकोले
- अन्य कारण भए

१४) भविश्यमा तपाइ कानून व्यवसायमा सकृय हुने संभावना छ वा छैन ?

- धेरै संभावना छ
- थोरै संभावना छ
- संभावना छैन
- भन्न सक्दिन

१५) कानून व्यवसाय शुरु गर्दा आफ्नै ल फर्म खोल्नु भयो वा आफूभन्दा बरिष्ठ कानून व्यवसायीको फर्ममा संलग्न हुनुभयो ?

१६) हाल आफ्नै ल फर्म छ वा आफुभन्दा बरिष्ठ कानून व्यवसायीको फर्ममा आवद्ध हुनुहुन्छ ?

१७) तपाइको ल फर्ममा कति जना सदस्य छन् ?

- महिला : ..........
- पुरुष : ...........

१८) महिला कानून व्यवसायीप्रति तल उल्लेखित व्यक्तिहरुको कस्तो धारणा रहेको पाउनु भयो ?

अ) सेवाग्राहीको धारणा

क) पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने

ख) पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने

ग) होच्याउन खोज्ने

घ) बिश्वासको कमी

ङ) अन्य

आ) गै.स.स. को धारणा

क) पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने

ख) पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने

ग) होच्याउन खोज्ने

घ) बिश्वासको कमी

ङ) अन्य

इ) अदालतका कर्मचारीको धारणा

क) पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने

ख) पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने

ग) होच्याउन खोज्ने

घ) बिश्वासको कमी

ङ) अन्य

ई) अग्रज कानून व्यवसायीहरुको धारणा

क) पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने

ख) पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने

ग) होच्याउन खोज्ने

घ) बिश्वासको कमी

ङ) अन्य

उ) न्यायाधीशहरुको धारणा

क) पुरुष कानून व्यवसायी सरह सक्षम भएको ठान्ने

ख) पुरुष कानून व्यवसायी सरह सक्षम र कुशल हुंदैनन् भन्ने ठान्ने

ग) होच्याउन खोज्ने

घ) बिश्वासको कमी

ङ) अन्य

१९) कानून व्यवसायवाट बार्षिक कति आय हुन्छ ?

क) बार्षिक रु एकलाख भन्दा कम

ख) बार्षिक रु एकलाख सम्म

ग) बार्षिक रु दुईलाख सम्म

घ) बार्षिक रु चार लाख सम्म

ङ) बार्षिक रु चारलाख भन्दा बढी

२०) कानून व्यवसायवाट आर्जित आयबाट के तपाइको व्यक्तिगत वा पारिवारिक खर्च व्यहोर्नु पुग्छ ?

क) व्यक्तिगत खर्च मात्र पुग्छ

ख) परिवार धान्न पुगेको छ

ग) केही रकम बचत हुन्छ

घ) व्यक्तिगत खर्च पनि पुग्दैन

२१) के तपाइ अन्य पेशासंग पनि सम्बन्धित हुनुहुन्छ ?

२२) अन्य पेशावाट बार्षिक रुपमा कति आय हुन्छ ?

२३) के तपाइ कानून व्यवसायवाट सन्तुष्ट हुनुहुन्छ ?

२४) कानून व्यवसायमा महिला कानून व्यवसायीको संख्या बृद्धि गर्न के गर्न सकिएला?

२५) महिला कानून व्यवसायीको दक्षता अभिबृद्धि गर्न कस्ले के गर्नु पर्ला ?

क) महिला कानून व्यवसायीले के गर्नु पर्ला ?

ख) बार एशोसिएशनले के गर्नु पर्ला ?

ग) न्यायाधीशलेके गर्नु पर्ला ?

घ) अदालतका कर्मचारीले के गर्नु पर्ला ?

ङ) नेपाल सरकारले के गर्नु पर्ला ?

च) अन्यले ?

२६) तपाइको शैक्षिक योग्यतालाई हेर्ने दृष्टिकोण कस्तो पाउनु भएको छ ?

२७) यदि तपाइ महिला कानून व्यवसायी भई कार्यरत हुनुहुन्छ भने तपाइले घरको काम कसरी व्यवस्थापन गर्नु भएको छ ?

क) घरको काम सबै आफै गरेर ?

ख) कठिन काममा आफ्नो श्रीमान् वा घरका अन्य सदस्यहरुको सहयोगमा ?

ग) घरको सम्पूर्ण काम परिवारका सबै सदस्यहरुले बाडफांड गरेर ?

घ) घरेलु कामदार राखेर ?

२८) तपाइको पेशाको कारणले समाजमा र परिवारमा आफ्नो स्थान अरु महिलाको स्थितिभन्दा फरक महसुस गर्नु भएको छ कि छैन ? छ भने कस्तो फरक महशुस गर्नु भएको छ ?

२९) कानून व्यवसायमा लागि सकेपछि तपाइको जीवनस्तरमा के के परिवर्तन भएका छन् ? ( एक भन्दा बढीमा चिन्ह लगाउन सक्नुहुन्छ )

क) काममा अति व्यस्त

ख) जिम्मेवारी बढेको

ग) आत्म विश्वास र आत्म निर्भरतामा बृद्धि

घ) परिवार र समाजमा आफ्नो स्तरमा बृद्धि

ङ) आफ्नो क्षमता देखाउने अवसर प्राप्ती

३०) घर परिवार र समाजमा आफ्नो व्यक्तिगत निर्णय र पारिवारीक निर्णयमा आफ्नो भूमिका कस्तो पाउनु भएको छ ? निर्णयमा भाग लिनु भएको छ कि छैन ?

३१) कानून व्यवसायको अलावा अन्य सामाजिक सेवामा/क्षेत्रमा लाग्नु भएको छ कि छैन ?

३२) महिला कानून व्यवसायीहरुका समस्या के के छन् ?

# अनुसुची ३

## महिला कानून व्यवसायीहरुको सामाजिक अवस्था
## कास्की जिल्लाको एक समाजशास्त्रीय अध्ययन

( समूह केन्द्रित छलफलमा गरीएका प्रश्नहरु )

१) तपाईको बिचारमा महिला कानून व्यवसायीको स्थिति कस्तो देख्नु हुन्छ ?

२) के पुरुष कानून व्यवसायी सरह महिला कानून व्यवसायीले पनि अदालतमा समान व्यवहार पाएका छन् त ?

३) बिभिन्न कार्यालय वा व्यवसायमा महिलाहरु पुरुष वर्गवाट कुनै न कुनै रुपमा शोषित हुने गरेका छन् भनिन्छ, कानून व्यवसायमा त्यस्तो व्यवहार गरेको छ वा छैन ?

४) न्यायक्षेत्रमा महिला कानून व्यवसायीको स्थिति तुलनात्मक रुपमा कस्तो छ ?
५) न्यायालयभित्र महिला कानून व्यवसायी वा महिला कर्मचारीको कार्य सम्पादन स्तर कस्तो छ ?

६) बहस पैरवीका दृष्टिले महिला कानून व्यवसायीको प्रस्तुतीकरण कस्तो पाउनु भएको?

७) अदालतमा पेश गरिने लिखतहरुमा महिला कानून व्यवसायीले तयार गरेको लिखतको स्तर कस्तो पाउनु हुन्छ ?

८) पुरुष कानून व्यवसायीको तुलनामा महिला कानून व्यवसायीको संख्या कम हुनाका कारण के हो ?

९) कानून व्यवसायको क्षेत्रमा महिलालाई उत्प्रेरित गर्न के गर्नु पर्ला ?

१०)पुरुष कानून व्यवसायीले महिला कानून व्यवसायीहरुलाई गर्ने व्यवहार कस्तो पाउनु भएको छ ?

११) तपाईको बिचारमा महिला कानून व्यवसायीलाई पेशामा सक्रिय बनाउन घर, परिवार, समाज, पुरुष कानून व्यवसायीले के गर्नु पर्ला ?

# अनुसूची ४

समूह केन्द्रित छलफल विधिमा सहभागि पुरुष कानून व्यवसायी तथा अन्य सहभागि

| | | |
|---|---|---|
| १) विश्व घिमिरे | कानून व्यवसायी | घिमिरे लफर्म एण्ड कम्पनि |
| २) सूर्यबहादुर थापा | उप सचिव | कास्की जिल्ला अदालत |
| ३) हरिकुमार पोखरेल | नोकरी | जिल्ला अदालत कास्की |
| ४) कमल अर्याल | कानून व्यवसायी | कानून व्यवसायी |
| ५) दीपकराज पौडैल | कानून व्यवसायी | सर्मपित कानून सेवा |
| ६) खेमराज शर्मा | न्यायधीश | पुनरावेदन अदालत पोखरा |
| ७) नीलकण्ठ ढकाल | नोकरी | कास्की जिल्ला अदालत |
| ८) गणेशकुमार आले | कानून व्यवसायी | कानूनी प्रतिरक्षा कार्यलय, मुस्ताङचोक पोखरा |
| ९) भवसागर सुवेदी | कानून व्यवसायी | लिगल फोरम |
| १०) चोलेन्द्र शम्शेर जबरा | न्यायधीश | पुनरावेदन अदालत पोखरा |

# शोधपत्रसंग सम्बन्धित केही तस्वीरहरु







